# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १८ | काठमाडौं | शुक्रबार, २८ वैशाख २०८१ | Prabhab National Daily | Friday, May 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


बालमन्दिरको जग्गा हिनामिना प्रकरण

## पूर्वअध्यक्ष सिंहसहित २० जनाविरूद्ध पक्राउ पुर्जी




■ प्रभाव संवाददाता

**काठमाडौं-** गणेशमान सिंह २०४६ सालको प्रजातान्त्रिक आन्दोलनका सर्वोच्च नेता थिए । यतिमात्र हैन उनी प्रधानमन्त्री पद अस्वीकार गर्ने नेताका रूपमासमेत चिनिन्छन् । नेपाली कांग्रेसका कर्मठ र शक्तिशाली नेताका रूपमा चिनिएका उनै गणेशमानकी पुत्री रीता सिंह वैद्यलाई भने बालमन्दिरजस्तो सामाजिक कार्यका लागि स्थापना गरिएको संस्थाको जग्गा हिनामिनाको आरोप लागेको छ ।

बिहीबारमात्र काठमाडौं जिल्ला अदालतले उनीसहित २० जनालाई यस विषयमा थप अनुसन्धानका लागि पक्राउ पुर्जी जारी गरेको छ । बाल संगठनकी पूर्वअध्यक्ष रीता कांग्रेस नेता प्रकाशमान सिंहकी दिदी हुन् । काठमाडौंको नक्सालस्थित बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा रीतालाई जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताए । 'बालमन्दिरको जग्गा हिनामिना प्रकरणमा अदालतबाट हामीलाई पक्राउ गर्न अनुमति प्राप्त भएको छ, पक्राउ गरेर आवश्यक अनुसन्धान सुरु गर्छौं,' बोगटीले भने ।

सिआइबीमा बिहीबार बाल संगठनको जग्गा विवादमा संलग्न व्यक्तिहरूविरुद्ध जाहेरी परेको प्रवक्ता बोगटीले बताए । नेपाल बाल संगठनलाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले वि.सं. २०४९ सालदेखि २०७२ सालसम्म पटक-पटक न्यून रकममा सम्झौता गरेको तथा आगामी २०८९

- काठमाडौं जिल्ला अदालतद्वारा नेपाल बाल संगठनकी पूर्वअध्यक्ष रीता सिंहसहित २० जनाविरूद्ध अनुसन्धानका लागि पक्राउ गर्न पुर्जी जारी
- बाल संगठनलाई हानि नोक्सानी पुऱ्याउने बद्नियतले नक्सालमा रहेको करिब २८ रोपनी पाँच आना एक पैसा जग्गा बृहस्पति विद्या सदनलाई न्यून दरमा भाडामा दिएको अभियोग

सालमा सकिने सम्झौता पनि बद्नियत रूपमा म्याद समाप्त नभई नवीकरण गरेको भन्ने आरोप लागेको छ ।

नक्सालमा रहेको करिब २८ रोपनी पाँच आना एक पैसा जग्गा वार्षिक एक करोड नौ लाख तिर्ने गरी (पछिल्लो सम्झौताअनुसार) लिजमा दिइएको बताइएको छ । आन्तरिक र पुराना प्रतिवेदनमा बालमन्दिरको जग्गा हिनामिना भएको देखिएपछि अनुसन्धानका लागि भन्दै बिहीबार नेपाल बाल संगठनले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) जाहेरी दिएको बताइएको छ ।

### पक्राउ पुर्जी क-कसलाई ?

अदालतले बालसंगठनकी पूर्वअध्यक्ष रीतासहित तत्कालीन उपाध्यक्षहरू तुलसीनारायण श्रेष्ठ, योगेन्द्रबहादुर शाही, तत्कालीन महासचिवहरू गणेशदत्त श्रेष्ठ सुवासकुमार पोखरेल, श्यामकुमार आले, प्रचण्डराज प्रधान, (क्रमशः पृष्ठ २ मा)

# मुद्दैमुद्दाले गाँजेको प्रदेश

■ जेबी योञ्जन

**काठमाडौं-** नेकपा एमाले कोशी प्रदेशसभा संसदीय दलका नेता हिक्मतकुमार कार्की बिहीबार कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त हुँदै गर्दा सर्वोच्च अदालतमा उनको नियुक्ति बदर गर्न मागसहित रिट दायर भयो । नेकपा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका हिक्मतविरुद्ध निवर्तमान मुख्यमन्त्री केदार कार्कीको तर्फबाट अधिवक्ता सुप्रेक्षा जोशीले रिट दायर गरेकी हुन् ।

रिटमा हिक्मतलाई मुख्यमन्त्री बनाउनेगरी प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा (५) अनुसार गरेको सरकार गठनसम्बन्धी आह्वान बदर गर्न माग गरिएको छ । आह्वानअनुसार हिक्मतले सरकार गठनका लागि मुख्यमन्त्रीमा बहुमतसहित गरेको दाबी र सोही आधारमा गरिएको मुख्यमन्त्री नियुक्तिलाई पनि बदर गर्न रिटमा माग भएको छ ।

साथै, हिक्मतलाई मुख्यमन्त्रीको काम कारबाही नगर्न नगराउन र आफूलाई मुख्यमन्त्रीको जिम्मेवारी बहाल गर्न अवरोध नगर्न, नगराउनसमेत अन्तरिम आदेश माग भएको छ । रिटको पेसी आजका लागि तोकिएको छ ।

रिटमा कोशी प्रदेश प्रमुख कार्यालय, प्रदेश प्रमुख परशुराम खापुङ, सभामुख अम्बरबहादुर विष्ट, संकल्प प्रस्तावका प्रस्तावक रेवतीरमण भण्डारी, समर्थकहरू गणेशप्रसाद उप्रेती, किशोरचन्द्र दुलाल र नवनियुक्त मुख्यमन्त्री हिक्मतलाई विपक्षी बनाइएको छ ।

कोशीमा सरकार गठनको विवाद सर्वोच्च आइपुगेको यो पहिलोपटक भने होइन । गत वर्ष हिक्मतले तत्कालीन सभामुख बाबुराम गौतमकोसमेत समर्थन लिएर कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्रीमा गरेको दाबीविरुद्ध सर्वोच्चमै रिट दायर गरेका थिए । अन्ततः सर्वोच्चले सरकार गठनको सन्दर्भमा सभामुखको समर्थनलाई असंवैधानिक ठहर गरेको थियो । संविधानको धारा १६८ को उपधारा (३) अनुसार बढी संसद् सदस्य भएको दलका नेताको हैसियतले हिक्मतलाई नै मुख्यमन्त्री बनाउन आदेश पनि जारी गरेको थियो ।

सरकार गठनको सन्दर्भमा देशका अन्य प्रदेशमा भएका विवाद पनि सर्वोच्चमै पुगेको छ । गत मंगलबार एमालेका मुख्यमन्त्री खगराज अधिकारीले पाएको भनिएको विश्वासको मतको विषयलाई लिएर कांग्रेस गण्डकी प्रदेशले रिट दायर गरेको थियो । बिहीबार रिटको प्रारम्भिक सुनुवाइका लागि न्यायाधीश मनोजकुमार शर्माको इजलासमा पेसी तोकिएको थियो । तर, सुनुवाइ भएन ।

गण्डकीमा सभामुख कृष्णप्रसाद धितालले पनि सरकार गठनमा बहुमत सिद्ध गर्न आफ्नो निर्णायक मत रहने भन्दै खगराजलाई सदनको विश्वास रहेको घोषणा गरेका थिए । यसलाई असंवैधानिक भन्दै कांग्रेस सर्वोच्च पुगेको हो । ६० सदस्यीय प्रदेश संसद्मा अधिकारीको पक्षमा ३० जनामात्रै खुलेपछि अन्ततः सभामुख धितालले आफ्नोसमेत समर्थन गरेको जनाएका थिए । सरकार गठनको सन्दर्भमा सभामुख धितालको गणनालाई कांग्रेसले अस्वीकार गरेको छ । सर्वोच्चबाट कानुनी चुनौती गठबन्धन सरकारलाई दिने भएको छ ।

(क्रमशः पृष्ठ २ मा)



हिक्मत कार्की
कोशी

दीर्घ सोडारी
सुदूरपश्चिम

खगराज अधिकारी
गण्डकी

- सरकार गठनविरूद्ध कोशी, गण्डकी र सुदूरपश्चिमको विवाद सर्वोच्चमा
- कोशी र गण्डीमा कांग्रेस तथा सुदूरपश्चिममा नाउपा सांसद रिट निवेदक
- सरकार गठनबाहेक अधिकार क्षेत्रमा हस्तक्षेप गरेको भन्दै संघीय सरकारविरूद्ध प्रदेशको कानुनी चुनौती



प्रदेशहरूमा सरकार गठनको सन्दर्भमा जे-जे भइरहेका छन्, ती सबै कानुनी प्रश्न उठ्ने खालका हुन् । सदनको नेता, प्रदेश प्रमुखदेखि दलहरूको भूमिका ठीक भएन । प्रदेशलाई प्रयोगशाला बनाउने प्रयास भइरहेको छ ।

■ डा. चन्द्रकान्त ज्ञवाली
वरिष्ठ अधिवक्ता

## कोशीमा बन्यो तीन सदस्यीय मन्त्रीमण्डल

**विराटनगर** (प्रस)- कोशी प्रदेशमा तीन सदस्यीय मन्त्रीमण्डल गठन भएको छ । बिहीबार मुख्यमन्त्री नियुक्त भएका हिक्मतकुमार कार्कीसँगै दुई मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

मुख्यमन्त्री कार्कीको सिफारिसमा प्रदेश प्रमुख पुरशुराम खापुङले गणेशप्रसाद उप्रेती र रामबहादुर मगरलाई विनाविभागीय मन्त्री नियुक्त गरेका थिए । उप्रेती माओवादी केन्द्र र मगर एमालेबाट मन्त्री बनेका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# प्राथमिकतामा युरोप, श्रमिकको गन्तव्य खाडीमै

■ प्रभाव संवदादाता

**काठमाडौं-** सरकारले वैदेशिक रोजगारीका लागि पारिश्रमिक र सुरक्षाको दृष्टिकोणले खाडी मुलुकको विकल्पमा युरोपलाई लिए पनि नेपाली श्रमिकको गन्तव्य खाडीमै केन्द्रित देखिएको छ । युरोपबाट वैदेशिक रोजगार व्यवसायीले ल्याएका मागपत्र सम्बन्धित दूतावासले समयमै प्रमाणीकरण नगर्दा नेपाली श्रमिक युरोपेली मुलुकभन्दा खाडीमै केन्द्रित हुनुपरेको बताइएको छ ।

यतिखेर वैदेशिक रोजगारीका लागि खाडीको विकल्पमा युरोपलाई केन्द्रित गर्ने सरकारको नीति सुस्त देखिएको छ । तत्कालीन मन्त्री शरतसिंह भण्डारीले युरोपमा श्रमिक पठाउन सहज हुने भन्दै जारी गरेको मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि, २०८० को खारेज भएसँगै अझ अन्योल छाएको व्यवसायीहरू बताउँछन् । अहिले पनि युरोपेली मुलुकबाट ४० हजारभन्दा बढी श्रमिकको माग रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए ।

'युरोपको रोजगारीका लागि सरकारले नै सहजीकरण नगर्दा व्यवसायीहरूले बाध्य भएर नेपाली युवाशक्तिलाई खाडी मुलुकमै पठाइरहेका छन्,' उनले भने, 'अहिले पनि थुप्रै व्यवसायीले युरोपबाट डिमाण्ड ल्याउनुभएको छ, तर समयमै मागपत्र प्रमाणीकरण नहुँदा नेपालीहरूले आकर्षक रोजगारीको अवसरबाट वञ्चित हुनुपर्ने अवस्था छ ।' सरकारले आवश्यक सहजीकरण गरे खाडीको विकल्प युरोप नै हुने भुर्तेलको भनाइ छ । युरोपमा रोजगारीको क्षेत्र पहिल्याउन र नेपाली श्रमशक्तिको जानकारी दिन संघले रोजगार मेलाको आयोजना गर्ने भनिए पनि सरकारको तर्फबाट अपेक्षाकृत सहयोग नहुँदा अघि बढ्न नसकिएको उनले बताए ।

### सरकारको असहयोगले युरोपको अवसर गुम्दै गएको वैदेशिक रोजगार व्यवसायीको भनाइ

व्यवसायी, श्रमिक, सरोकारवाला र सरकार आफैंले युरोप-युरोप भने पनि खाडी मुलुकले नै वैदेशिक रोजगार व्यवसाय धानेको अर्का एक व्यवसायीले बताए । उनका अनुसार व्यवसायीले युरोप केन्द्रित भएर माग ल्याए पनि सरकारले नै नियोजित रूपमा रोक्ने गरेको छ । 'सरकारको नीति नै नेपाली श्रमिकलाई खाडीमा मात्रै पठाउनुपर्छ भन्ने जस्तो देखिन्छ,' ती व्यवसायीले भने, 'युरोपका सम्बन्धित मुलुकमा राजदूतावास नभएको, एउटै दूतावासले धेरै मुलुक हेर्नुपर्दा जनशक्तिको अभाव रहेको भन्दै पन्छिने गरिन्छ, मागपत्र ल्याउने व्यवसायी धाउँदा-धाउँदा थाक्छ ।' म्यानपावरमार्फत युरोपको रोजगारीलाई प्रवर्द्धन गर्न नसक्दा नेपालीहरू दलालमार्फत अवैध बाटो हुँदै जाने र ठगिने क्रम बढ्दो रहेको व्यवसायीहरूको भनाइ छ ।

यता सरकारले भने वैदेशिक रोजगार युरोप केन्द्रित हुन व्यवसायीलाई कुनै अवरोध नगरेको जनाएको छ । केही दिनअघि एक कार्यक्रममा श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीको बाध्यात्मक अवस्था अन्त्य नभएसम्म नेपालीहरू विदेश गइरहने भन्दै विकसित मुलुकहरूमा आकर्षक पारिश्रमिकसहित पठाउन व्यवसायीलाई कुनै अवरोध नरहेको बताएका थिए ।

'हामी पनि युरोपमा नपठाउने भन्ने पक्षमा छैनौं,' उनको भनाइ थियो, 'मात्रै व्यवस्थित र पारदर्शी तरिकाले नेपालीहरूलाई युरोपमा पठाउनुपर्छ भनेर गृहकार्य गरिरहेका छौं ।' युरोपबाट आएका मागसम्बन्धी बनेको मागपत्र जाँचबुझ र प्रमाणीकरण कार्यविधिले विवाद सिर्जना गरेका कारण खारेज गर्नुपरेको मन्त्री अर्यालको भनाइ छ । उनका अनुसार युरोपको रोजगारीमा सरकार सजग छ ।

## साउदीमा थप ५८ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं** (प्रस)- वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५८ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजार ३०० बढी नेपालीले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

यदि कुनै पनि अवस्थामा अप्ठ्यारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।




## पृष्ठ १ बाट क्रमशः

### पूर्वअध्यक्ष सिंहसहित...

रामकाजी कोने, तत्कालीन उपमहासचिव सुमन शाक्य, संगठनका तत्कालीन सदस्य एवं स्रोत तथा परिचालन उपसमिति संयोजक कृष्णबहादुर साह, संगठनका तत्कालीन कोषाध्यक्ष मनोहरगोपाल श्रेष्ठ र तत्कालीन उपकोषाध्यक्ष दीपकदास श्रेष्ठविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ ।

त्यसैगरी बृहस्पति विद्या सदनका तर्फबाट तत्कालीन अध्यक्ष पुरुषोत्तमराज जोशी, अख्तियार प्राप्त तत्कालीन अध्यक्ष चिरञ्जीवि तिवारी, विद्या सदनका तत्कालीन सञ्चालक प्रवीणराज जोशी, ऋद्धा संघाई, अभिनव सिंघानिया, सिद्धार्थ केडिया, कृतिप्रसाद पाण्डे र मुरारी निधि तिवारीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको छ ।

#### कसको भूमिका के ?

२०४८ सालमा रीता बाल संगठनको अध्यक्ष बनेपछि नै जग्गा लिजमा दिन सुरु भएको थियो । गणेशमान पुत्री रीतालाई राजनीतिक नियुक्तिबाट अध्यक्ष बनाइएको थियो । उनी २०७७ सालसम्म निरन्तर अध्यक्ष रहिन् । बाल संगठन र बृहस्पति स्कुलबीच २०४९ माघ २७ गते पहिलोपटक नौ रोपनी जग्गा लिजसम्बन्धी सम्झौता हुँदा संगठनका तर्फबाट महासचिव आलेले हस्ताक्षर गरेका थिए । त्यस्तै, संगठनका तर्फबाट अञ्जु बस्नेत, राजेन्द्रमान जोशी, प्रमोद पौडेल साक्षी बसेका थिए । सम्झौतामा बृहस्पतिका तर्फबाट चिरञ्जीवी तिवारीले हस्ताक्षर गरेका छन् भने पुरूषोत्तमराज जोशी, मधुर शर्मा र मुरारी तिवारी साक्षी बसेका छन् ।

२०५३ सालको जग्गा लिज सम्झौतामा संगठनका तर्फबाट महासचिव प्रचण्डराज प्रधानले हस्ताक्षर गरेका छन् भने साक्षीको नाम स्पष्ट छैन । बृहस्पतिका तर्फबाट चिरञ्जीवी तिवारीले नै हस्ताक्षर गरेका छन् । पुरूषोत्तमलाल जोशी साक्षी बसेको देखिन्छ । अहिले चिरञ्जीवी तिवारीको निधन भइसकेको छ ।

२०५८ जेठ २ गतेको जग्गा लिज सम्झौतामा बाल संगठनका तर्फबाट महासचिव गणेशभक्त श्रेष्ठले हस्ताक्षर गरेका छन्, योगेन्द्रबहादुर शाही साक्षी बसेका छन् । सम्झौतामा बृहस्पतिका तर्फबाट पुरूषोत्तमराज जोशीले हस्ताक्षर गरेका छन् भने साक्षीहरूको नाम स्पष्ट छैन ।

२०५९ भदौ ११ गते १३ रोपनी १२ आना १ पैसा जग्गाका लागि भएको लिज सम्झौतामा बाल संगठनका तर्फबाट महासचिव रामकाजी कोनेले हस्ताक्षर गरेका छन् । बाल संगठनका केन्द्रीय कार्यसमिति सदस्य मनोहरगोपाल श्रेष्ठ, शाखा प्रमुख टीकामणि न्यौपाने साक्षी बसेका छन् । बृहस्पतिका तर्फबाट भने पुरूषोत्तमराज जोशीले हस्ताक्षर गरेका छन्, साक्षीहरूमा प्रिन्सिपल आनन्द गुरुङ, प्रमुख प्रशासक मुरारीनिधी तिवारी र शैक्षिक संयोजक रोहितरत्न प्रधान छन् ।

#### बृहस्पतिसँगको कारोबार अपारदर्शी

बाल संगठनको नाममा नक्सालमा ११९ रोपनी १२ आना तीन पैसा जग्गा छ । त्यसमध्ये २८ रोपनी पाँच आना एक पैसा जग्गा नेपाल बाल संगठनले बृहस्पति विद्यालय व्यवस्थापन प्रालि (बृहस्पति विद्या सदन) लाई भाडामा दिने सम्झौता गरेको थियो । बृहस्पतिलाई जग्गा भाडामा दिन २०४९, २०५३, २०५८, २०५९ र २०७२ सालमा गरी पाँच पटकसम्म सम्झौता भएका थिए ।

यसरी भाडामा दिँदा बाल संगठनले पारदर्शिता नअपनाएको बताइएको छ । ११ भदौ २०५९ को सम्झौतामा बाल संगठनले प्रचलित मूल्यभन्दा कम मूल्यमा भाडामा लगाएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि सम्झौता रद्द गर्न निर्देशनसमेत दिइएको थियो । अख्तियारको निर्देशनपछि २०६६ पुस ३० गते सम्झौता रद्द गर्नेबारेको सूचना बृहस्पतिलाई समेत दिइएको थियो ।

त्यसपछि हाल बृहस्पतिले भाडामा लिएको जग्गा प्रतिस्क्वायर फिट पाँच रूपैयाँ ८५ पैसाका दरले १३ माघ २०६६ मा मनोजकुमार मिश्रको तरुण निर्माण सेवालाई दिएको थियो । २०५९ भदौ ११ मा वार्षिक छ लाख रूपैयँ भाडामा बृहस्पतिले उपभोग गरेको उक्त जग्गा अख्तियारको निर्देशनपछि तरुण निर्माण सेवाले प्रतिमहिना चार लाख ४० हजार ९७६ रूपैयाँमा भाडामा लिएको थियो । सस्तोमा भाडामा पाएको जग्गा आफ्नो हातबाट फुत्किएपछि बृहस्पति विद्या सदन कानुनी उपचार गएको थियो ।

त्यसपछि २१ जेठ २०७२ मा बाल संगठनले तरुण निर्माण सेवासँगको नौ वर्ष पुरानो सम्झौता तोड्दै पुनः बृहस्पतिलाई नै प्रतिवर्ग फुट चार रूपैयाँ ७५ पैसाका दरले भाडामा दिनेगरी सम्झौता गरेको थियो । पूरक सम्झौता भएको मितिदेखि चार वर्षसम्म (एक वर्ष परियोजना सम्भाव्यता अध्ययन र तीन वर्ष निर्माण अवधि) का लागि भने प्रतिवर्गफिट चार रूपैयाँ २० पैसाका दरले भाडामा लगाइएको थियो । तर, २०८९ मा सम्झौता सकिनेमा त्यसको १७ वर्षअघि ११ जेठ २०७२ मा २१२७ सालसम्मका लागि बृहस्पतिलाई नै भाडामा दिएको थियो ।

सम्झौतापछिका चार वर्षसम्म अर्थात् २०७६ सम्म प्रतिवर्गफिट चार रूपैयाँ २० पैसाका दरले, त्यसपछिका वर्ष भने प्रतिवर्गफिट छ रूपैयाँ १० पैसाका दरले तिर्ने र प्रत्येक पाँच वर्षमा पाँच प्रतिशतका दरले भाडा बढ्ने सम्झौतामा उल्लेख छ ।

■■■

### मुद्दैमुद्दाले गाँजेका...

त्यसअघि २८ चैत २०८० मा अधिकारीकै नेतृत्वमा गण्डकी प्रदेश सरकार गठनको प्रक्रिया असंवैधानिक भएको भन्दै कांग्रेसका पूर्वमुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको तर्फबाट सम्झना केसीको वारेसमा रिट दायर भयो । रिटमा सभामुख कृष्ण धितालसमेतलाई गणना गरी सरकार गठनको प्रक्रिया अघि बढाइएकाले बदरको माग गरिएको थियो । अधिकारी २५ चैत २०८० मा माओवादीको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

सरकार गठनलाई लिएर भएको विवाद सर्वोच्चमा पुगेको सुदूरपश्चिम प्रदेशको पनि हो । मंगलबार सुदूरपश्चिमको सरकार गठनसम्बन्धी विवादलाई न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको इजलासले पूर्ण इजलासमा पठाउन आदेश गरेको हो । तीन वा त्यसभन्दा बढी न्यायाधीशले सुनुवाइ गर्नुपरे रिटलाई पूर्ण इजलासमा पठाउने गरिन्छ । रिटमा सुदूरपश्चिमको मुख्यमन्त्रीमा दीर्घ सोडारीको नियुक्ति बदर गर्न माग गरिएको छ । रिट निवेदक नागरिक उन्मुक्ति पार्टी (नाउपा)का लक्ष्मणकिशोर चौधरी हुन् ।

तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) अनुसार सरकार गठनका लागि दाबी पेस गर्न २ वैशाखसम्म समय दिएका थिए । नाउपाका सांसद चौधरीले नेपाली कांग्रेस र एकीकृत समाजवादीका संसदीय दलको नेताको समर्थनसहित १ वैशाखमा दाबी पेस गरेका थिए ।

त्यहीबेला नाउपाकै कैलाश चौधरीले एमाले र माओवादीका संसदीय दलको नेताको समर्थनसहित दाबी पेस गरेका थिए । दुवैको दाबीबारे निर्णय नगरेका प्रदेश प्रमुख नजिर मियाँले ४ गते दुवैको दाबीका आधारमा निष्कर्षमा पुग्न नसकेको भन्दै थप दुई दिन समय दिएका थिए । उक्त समयमा नेकपा एकीकृत समाजवादीका दीर्घ सोडारीलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न लगाएको थियो । सोहीअनुसार उनी मुख्यमन्त्री भए । यसविरुद्ध नाउपाकै सांसद लक्ष्मणकिशोर सर्वोच्च पुगेका हुन् ।

संवैधानिक कानुनका जानकार डा. चन्द्रकान्त ज्ञवाली प्रदेश सरकार गठनको विवाद यसरी बारम्बार अदालतमा प्रवेश गर्नुलाई गलत ठान्छन् । प्रदेश प्रमुख, प्रदेश सभामुख र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सत्तामोहसँगै संविधान मिच्न खोज्ने प्रवृत्तिले यस्तो हुने गरेको उनलाई लाग्छ । सरकार गठनको सन्दर्भमा प्रदेशहरूलाई प्रयोगशाला नै बनाएको भन्दै ज्ञवालीले रोष नै प्रकट गरे ।

'प्रदेशहरूमा सरकार गठनको सन्दर्भमा जे-जे भइरहेका छन्, ती सबै कानुनी प्रश्न उठ्ने खालका हुन्,' उनले प्रभावसँग भने, 'यहाँ सदनको नेता, प्रदेशको प्रमुखदेखि दलहरूको भूमिका ठीक हुँदै भएन । प्रदेशलाई प्रयोगशाला बनाउने प्रयास भइरहेको छ ।'

सर्वोच्चमा सरकार गठनको विवाद मात्रै प्रवेश पाएको भने छैन । अधिकार क्षेत्रसम्बन्धी विवाद पनि प्रदेशहरूले सर्वोच्चमा पुऱ्याएका छन् । बागमती प्रदेश सरकारले संविधानतः प्रदेश सरकारको अधिकारमा संघीय सरकारले हस्तक्षेप गरेको भन्दै मुद्दा दायर गरेको छ । सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन २०७९ को दफा १२ को (१) विरुद्ध बागमती सर्वोच्च गएको हो ।

प्रहरी नपाएको भन्दै मधेस प्रदेश सरकारले यसअघि नै संघीय सरकारविरुद्ध सर्वोच्चमै रिट दायर गरेको छ । अघिल्लोपटक पनि मधेस सरकारले संघीय सरकारविरुद्ध पटक-पटक रिट दायर गरेको थियो । यसरी कहिले सरकार गठन त कहिले भने अधिकार क्षेत्रमा हस्तक्षेपलगायत विषयलाई लिएर प्रदेश सरकारहरू लगातार सर्वोच्चमा पुग्ने गरेका छन् ।

■■■

### कोशीमा बन्यो...

यसअघि बिहीबार नै प्रदेश प्रमुख खापुङले नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम एमाले संसदीय दलका नेता कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । उनी एमाले र माओवादी केन्द्रका ५२ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका हुन् ।

शपथ ग्रहणपछि उनले प्रदेशको विकासका लागि सबै दललाई साथमा लिएर हिँड्ने बताए । प्रदेशको विकास नै वर्तमान सरकारको मुख्य उद्देश्य भएकाले सबै दलसँगको सहकार्यमा अगाडि बढ्ने उनको भनाइ छ । मुख्यमन्त्री कार्कीले वर्तमान सरकार आगामी साढे तीन वर्षका लागि निर्माण भएकाले अहिले उठेका प्रश्नहरूको जवाफ दिनेगरी काम गर्ने बताए ।


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | LT. No. 304465 | चलानी नं. ६०२१९२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK LAYER | 100 | 0 | 1200 | ४३,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 200 | 0 | 800 | २९,१२२ | | | | | | | |
| 3 | Shuttering carpenter | 100 | 0 | 1200 | ४३,६८४ | | | | | | | |
| 4 | STEEL FIXER | 100 | 0 | 1200 | ४३,६८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गतेदेखि ७ गतेसम्म (17th to 20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


## सप्तकोसी नगरपालिका
### नगर कार्यापालिकाको कार्यालय
फत्तेपुर, सप्तरी
मधेस प्रदेश, नेपाल

**नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**



**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, द्यष्चतजष्लन ऋभलतचभ वा प्रसुती गृहमा जाऔ ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।

## राहदानी हरायो

मिति २०८१/०१/०९ गते सामाखुसीदेखि चक्रपथसम्म जाने क्रममा लोकल बसबाट मेरो निम्न ब्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सुक बहादुर तामाङ**
राहदानी नं : **०९२२१२८४**
ठेगाना: **काठमाडौं**
फोन नं : **९८४१९७०१५३**

## राहदानी हरायो

मिति २०८१/०१/१० गते सामाखुसीदेखि चक्रपथसम्म जाने क्रममा लोकल बसबाट मेरो निम्न ब्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **सुरेन्द्र कुमार कार्की**
राहदानी नं : **११२४३८१३**
ठेगाना: **काठमाडौं**
फोन नं : **९८४१९७०१५३**

## भूलसुधार

मिति २०८१।०१।२७ गते प्रभाव दैनिकको पृष्ठ ६ मा प्रकाशित **जीतपुरसिमरा उपमहानगरपालिका**बाट जारी आशयको सूचनामा **Bidding Amount (Without Vat)** हुनपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREGO CONTRACTING AND CLEANING WLL

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 304381 | चलानी नं. ६०२१९२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 4 | 0 | 1200 | ४४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cleaning Worker | 0 | 3 | 1000 | ३६,७२५ | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1200 | ४४,०७० | | | | | | | |
| 4 | Reinforce Fitter | 4 | 0 | 1200 | ४४,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२

Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALRAHA CATERING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304416 | चलानी नं. ६०२१९२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 1 | 0 | 120 | ५२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Call Center | 2 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 3 | Chef (Diet Expert) | 1 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 4 | Chef (Hot Kitchen) | 2 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 5 | Chef (Salad) | 1 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 6 | Cleaner (Indoor) | 1 | 0 | 90 | ३९,११५ | | | | | | | |
| 7 | Light Driver | 3 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 8 | Pastry Chef | 1 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 9 | Store Keeper | 1 | 0 | 150 | ६५,१९० | | | | | | | |
| 10 | Waiter/waitress | 2 | 0 | 120 | ५२,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.८०१/०६५/०६६

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +9771-4385028,
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWALA TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 293749 | चलानी नं. ६०२०९०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 9 | 0 | 1900 | ६७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROMA INTERNATIONAL BUILDING CONTRACTIN

पूर्व स्वीकृति मिति २०८०/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 298706 | चलानी नं. ६०२१३८०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 126 | 0 | 800 | २९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason/brick Mason/scaffolder/construction Ca | 150 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOREFCO INDUSTRIES LLC

पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304455 | चलानी नं. ६०२१९२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automotive Spray Painter | 3 | 0 | 1200 | ४३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1200 | ४३,६८० | | | | | | | |
| 3 | Electrician Assistant | 4 | 0 | 1200 | ४३,६८० | | | | | | | |
| 4 | Refrigeration Mechanic | 4 | 0 | 1500 | ५४,६०० | | | | | | | |
| 5 | Welder Assistant | 4 | 0 | 1500 | ५४,६०० | | | | | | | |

कम्पनी : EMERIC FACILITIES MANAGEMENT SERVICES EST

पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304483 | चलानी नं. ६०२१९२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 0 | 1100 | ४०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com

# पर्यटकको रोजाइमा ऐनापहरा



**तनहुँ (प्रस)-** आँबुखैरेनी गाउँपालिकाले यहाँको पर्यटकीयस्थल ऐनापहरालाई थप विकास गर्ने काम गरिरहेको छ । यहाँको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै गएको ऐनापहरा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

आँबुखैरेनी-२ मा रहेको यो पर्यटकीयस्थललाई थप सुन्दर र आकर्षक बनाउन फूल रोपिएको छ । लायन्स क्लब अफ आँबुखैरेनी सिटी र लियो क्लब अफ आँबुखैरेनीले बिहीबार ऐनापहरामा निर्माणाधीन उद्यानमा विभिन्न प्रजातिका फूल रोपेका हुन् ।

लियो क्लब अफ आँबुखैरेनी सिटीका उपाध्यक्ष निरज श्रेष्ठले गाउँपालिकाले यस ठाउँलाई सुन्दर पर्यटकीयस्थल बनाउन लागिपरेको र उक्त अभियानमा आफूहरूले साथ दिएको बताए । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले ऐनापहरालाई गण्डकी प्रदेशकै पर्यटकीय गन्तव्यस्थल बनाउने अभियानमा लागिएको बताए ।

गाउँपालिकाले यहाँ रहेका ढुंगामा आकृति खोपेपछि यस ठाउँमा घुम्न आउनेको संख्या बढेको छ । यहाँ दैनिक २०० भन्दा बढी पर्यटक घुम्नका लागि आउने गरेका छन् । ढुंगालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाइएको उनले बताए । झरना झरेको ठाउँको ढुंगामा गणेशको आकृति बनाइएको छ । झरना नजिकैको ढुंगामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ ।

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित ऐनापहरामा उद्यान निर्माणको कामलाई अगाडि बढाइएको अध्यक्ष चुमानले बताए । उनका अनुसार यहाँ उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा एक करोड ४० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

पृथ्वी राजमार्गबाट एक मिनेटको दूरीमा पुगिने ऐनापहरा झरना आकर्षक पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएको छ । राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलको रूपमा पनि ऐनापहरा झरना विकास भइरहेको छ । काठमाडौं, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवारीसाधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका छन् ।

तनहुँकै अग्लो महाभारत पर्वत शृंखला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन (डिपिआर) तयार गरेको जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/१५ मा दर्ता भएको **प्रा.लि. नं. १८४७४१** को **होम हेल्थ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०१/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SILVER SERVICE CORPORATION FOR OPERATION AND MAINTENANCE
पुर्व स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 304130 | चलानी नं. ६०२१८४८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 4 | 0 | 1000 | ३५,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. PRO-2 (M/F)  2. Documentation-1 (M/F)  3. Accountant-1 (M/F)

नोट: +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलब: आपसी समझदारीमा

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## We are Hiring (Urgent)
## Thai Master Chef

**Dusit Princess Kathmandu**, owned by **Hotel Lhasa International Pvt. Ltd.** and managed by Dusit International, Thailand is committed to delivering exceptional moments whether you're staying with us or working with us. Join our dynamic team and discover enriching opportunities and a world of possibilities.

**Job Objective**

- At least 2 years of Master Sous Chef experience in a 5-star hotel
- Have a strong working knowledge in Thai cuisine
- Proven track record of cost control including food, equipment, labor and waste to meet the food quality goals and the hotel's financial goals.
- Demonstrates real passion for menu planning and leadership, dedicated, creative, and determined to succeed

Interested and qualified candidates can send an updated resume with passport sized photograph to Human Resources Department at **sarju.ranjit@dusit.com** or at **hr.dpkn@dusit.com** latest by 14th May 2024.

*Preference to be given to Nepalese citizen. Female candidates are encouraged to apply.*



## HISAN INTERNATIONAL PVT. LTD.

Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** (Effective from Date 2081/01/28)

**FRIGOGLASS (CHEST FREEZER/FLATGLASS)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 100 Ltr | FH1D 110CT | 31,508.14 |
| 2 | 230 Ltr | FH1D 250CT | 41,652.63 |
| 3 | 335 Ltr | FH2D 350CT | 47,507.50 |
| 4 | 440 Ltr | FH2D 450CT | 58,352.92 |
| 5 | 550 Ltr | FH2D 560CT | 65,630.56 |
| 6 | 225 Ltr | FG2D 250CT | 48,949.29 |
| 7 | 330 Ltr | FG2D 350CT | 58,610.44 |
| 8 | 435 Ltr | FG2D 450CT | 69,982.50 |
| 9 | 545 Ltr | FG2D 550CT | 79,432.09 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 10 | 200 Ltr | VG1D 200 | 53,429.23 |
| 11 | 250 Ltr | VG1D 250 | 56,755.82 |
| 12 | 295 Ltr | VG1D 295 | 59,023.26 |
| 13 | 370 Ltr | VG1D 370 | 64,464.35 |
| 14 | 450 Ltr | VG1D 450 | 80,489.35 |
| 15 | 600 Ltr | VG1D 600 | 98,479.71 |
| 16 | 1000 Ltr | VG2D 1000 | 162,730.72 |

*All prices are inclusive of VAT.



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 303171 | चलानी नं. ६०१८६७८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceaner | 3 | 4 | 90 | ३८,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 160 | ६९,२३५ | | | | | | | |
| 3 | VENDOR / SALES | 5 | 10 | 135 | ५८,४१७ | | | | | | | |

कम्पनी : AL KOUT BEACH HOTEL KUWAIT
पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT No. 292294 | चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED INTERNATIONAL GROUP
पूर्व स्वीकृति मिति २०८१/०१/२५ | LT. No. 304387 | चलानी नं. ६०२१९१३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 80 | 0 | 800 | २९,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter Assist | 10 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 1200 | ४३,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNO LINK
पुर्व स्वीकृति मिति : २०८१/०१/२७ | LT. No.304355 | चलानी नं. ६०२१९२२९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAHAR FACILITIES MANAGEMENT & CONTRACTING
पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304442 | चलानी नं. ६०२१९१९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ६२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 5 | 5 | 1000 | ३६,७२५ | | | | | | | |
| 3 | Plumber | 1 | 0 | 1200 | ४४,०७० | | | | | | | |
| 4 | Representative | 1 | 0 | 2500 | ९१,८१५ | | | | | | | |
| 5 | Tile Maker | 2 | 0 | 1200 | ४४,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANCHOR ALLIED FACTORY LLC
पूर्व स्वीकृति मिति २०८०/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 293004 | चलानी नं. ६०२०८२३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Laborer | 21 | 0 | 900 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Fix Job Overseas Pvt. Ltd.**
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com
Website : www.fixjoboverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED KHAMIS AL-HADABI CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304273 | चलानी नं. ६०२१९२१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

कम्पनी : SPECIALIZATION AND TECHNOLOGY CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304412 | चलानी नं. ६०२१९२२८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 2200 | ७८,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 2 | 0 | 1300 | ४६,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/०७ | LT. No. 303607 | चलानी नं. ६०२१८४०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 50 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ देखि ९ गते (17-22 May 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWFEEK MAINTENANCE SERVICES CO. WLL
पूर्व स्वीकृति मिति: २०८०/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 299683 | चलानी नं. ६०२१४६१६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BHD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 5 | 0 | 150 | ५२,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Workers | 5 | 0 | 100 | ३५,२३५ | | | | | | | |

कम्पनी : LANTERNS LOUNGE W.L.L.
पूर्व स्वीकृति मिति: २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 299211 | चलानी नं. ६०२१४३३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BHD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 3 | 0 | 120 | ४२,२६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 150 | ५२,८२५ | | | | | | | |
| 3 | Waiter | 3 | 0 | 120 | ४२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बालमन्दिर प्रकरणमा निष्पक्ष अनुसन्धान होस्

काठमाडौंको नक्सालमा रहेको बालमन्दिरमा नेपाल बाल संगठनका पूर्वपदाधिकारीले जग्गा भाडामा लगाउँदा अनियमितता गरेको आरोप लागेको छ । एकै व्यक्ति लामो समय नेतृत्वमा बसेर शक्तिको आडमा करोडौं पर्ने जग्गा कौडीको भाउमा भाडामा लगाएको देखिन्छ । यस विषयमा आरोप लाग्दा पार्टीको आडमा सामसुमसमेत पार्न खोजिएको थियो । तर लेनदेन गर्नेबीचकै झगडाका कारण हिनामिना प्रकरण सतहमा आएपछि अख्तियार, अदालत र प्रहरीले यस विषयमा चासो राखेको पाइएको छ । बिहीबारमात्र बालमन्दिरको जग्गा कौडीको भाउमा भाडामा लगाएर पूर्वपदाधिकारीहरुले कमिसनको खेल खलेको भन्दै काठमाडौं जिल्ला अदालतले २० जनालाई पक्राउ गर्न आदेश जारी गरेको छ ।

पक्राउ गर्न आदेश दिएको प्रमुख पात्र नेपाली र ाजनीतिका आदर्श पुरुष मानिने गणेशमान सिंहकी पुत्री रीता सिंह हुन् । राजनीतिक दबाबको आधारमा लामो समय नेतृत्वमा रहेर उनले बालमन्दिरको २८ रोपनी जग्गा निकै सस्तो दरमा भाडामा लगाएको खुलेको छ । सस्तोमा भाडामा लगाउने क्रममा कमिसनले खल्ती भरेको आरोप लागेको छ । सत्यता के हो ? अनुसन्धानपछि पत्ता लाग्ला । तर बालबालिकाका लागि राज्यले गरेको लगानीमाथि यसरी अधिपत्य जमाएर र जगज गर्नु निन्दनीय विषय हो । बालमन्दिर अभावमा रहेका बालबालिकाका लागि अवसर दिन खुलेको मन्दिर हो । तर बालमन्दिर बालबालिका बेचबिखनसम्मका आरोपसमेत लाग्ने गरेको छ ।

रीता २०४८ सालमा बालमन्दिरको अध्यक्ष बनेकी थिइन् । उनी २०७७ सालसम्म बाल संगठनमा निरन्तर अध्यक्ष रहिन् । उनी कांग्रेस नेता प्रकाशमान सिंहकी दिदीसमेत हुन् । २०७२ सालसम्म पटक–पटक न्यून र कममा सम्झौता गरेको तथा आगामी २०८९ सालमा सकिने सम्झौता पनि बद्नियत रुपमा म्याद समाप्त नभई नवीकरण गरेको अरोप उनीमाथि छ ।

बाल संगठनको नाममा नक्सालमा ११९ रोपनी १२ आना तीन पैसा जग्गा छ । त्यसमध्ये २८ रोपनी पाँच आना एक पैसा जग्गा बाल संगठनले बृहस्पति विद्यालय व्यवस्थापन प्रालि (बृहस्पति विद्या सदन) लाई भाडामा दिने सम्झौता गरेको थियो । बृहस्पतिलाई जग्गा भाडामा दिन २०४९, २०५३, २०५८, २०५९ र २०७२ सालमा गरी पाँचपटकसम्म सम्झौता भएको थियो । जग्गा हिनामिना प्रकरणमा बृहस्पतिका सञ्चालहरुसमेत मुछिएका छन् । देशका बालबालिकाको हितमा खोलिएको संस्था ध्वस्त पार्ने पात्रहरुमाथि गहिरो र निष्पक्ष अनुसन्धान होस् ।

# स्थानीय पाठ्यक्रमको महत्त्व र लक्ष्य



डा. दीपेन्द्र रोकाया

> पर्यटन उद्योगबाट फाइदा लिन सबैले आफ्नो गाउँठाउँको सही, सत्य जानकारी दिन सक्नुपर्छ । त्यसलाई स्थानीय पाठ्यसामग्रीमा समेट्न आवश्यक छ । यसले आधारभूत रूपमा नैतिकता, मानवीयता, भाषा, कला, संस्कृति र कानुनकोसमेत आधारभूत ज्ञान दिन सक्नुपर्छ । कक्षा ८ पढ्दासम्म कम्तीमा १०८ वटा विषय क्षेत्रका बारेमा ज्ञान र सीप पाएको हुनुपर्छ । कक्षा तीनसम्म आमा कक्षा, पाँचसम्म समाज कक्षा र आठसम्म आधार कक्षा बनाउन सके असमान पढाइ समान प्रतिस्पर्धामा उत्रनुपर्ने अवस्थालाई सहज बनाउन सकिन्छ ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा गएसँगै ७५३ स्थानीय तह छन् । उनीहरूले १०० पूर्णाङ्कको एउटा स्थानीय पाठ्यक्रम निर्माण गर्न पाउने संवैधानिक अधिकार पाएका छन् । कक्षा १ देखि ८ कक्षासम्मका लागि पढ्ने पाठ्यक्रम कसरी बनिरहेको छ ? वा के अभ्यास भइरहेको छ ? जान्न आवश्यक छ ।

स्थानीय पाठ्यक्रम आवश्यक छ ? केही समयअघि हुम्लाको सर्केगाड र चैतको पहिलो साता अदानचुली गाउँपालिकामा पुग्ने क्रममा स्थानीय पाठ्यक्रमविज्ञ, स्थानीय पालिकाका पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रध्यानाध्यापक र विशेष कक्षा शिक्षकशिक्षिकासँग अन्तरक्रिया गर्ने अवसर मिल्यो । अहिलेसम्म हामीले पढ्ने पुस्तक काठमाडौंमा काठमाडौंकै विज्ञद्वारा देखिएको प्राथमिकतामा लेखिएका र प्रकाशन भएका हुन्थे । तिनका बारेमा हामीले प्रश्न गर्ने ठाउँ थिएन । निर्धारित पाठ्यक्रम पढ्नु हाम्रो कर्तव्य थियो । शिक्षकहरूले पढाउनु पर्दथ्यो र पढाउँथे । हामीले पढिरहेका विषयवस्तु जस्तै परिवेश, प्रकृति, प्रविधि, चाडवाड, संस्कार, संस्कृति, व्यक्तित्व, उद्यम, उत्पादन आदि यहाँका पनि थिए तर यिनको बारेमा कहिल्यै चर्चा हुँदैनथ्यो ।

यसअघि आमाको काखमा बसेर सिलोक सुन्दै लिएको शिक्षाको गणना भएको थिएन । बुबा तथा दाजुहरूले हाट र भोट तथा खर्क जाँदाका अनुभव सुनाएका ज्ञानलाई पढाइसँग जोडिएकै थिएन । गाउँघरका सीप र संस्कारले प्रचार हुने मौकै पाएनन् । पाठ्यक्रम विकास केन्द्रमा न पहुँच थियो, न यहाँका सिद्धहस्त लेखक थिए । यसैले स्थानीय ज्ञान र सीपबारे प्रकाशनमा आएको थिएन । संघीयताले त्यो अवसर दिएको छ । दिगो विकास लक्ष्यले पनि स्थानीयकरणमा जोड दिँदै आएको छ । यसैले स्थानीय सरकार पाठ्यक्रम निर्माणमा लागिरहेको देखियो ।

प्राथमिकता केमा दिने ? खास कुरो यसमा छ । जहाँ आफ्नो आवश्यकता महसुस गर्न सकिँदैन, त्यहाँ प्राथमिकता निर्धारण गर्न सकिँदैन । समाजमा आवश्यकताहरू अनगिन्ती हुन्छन् । आवश्यकताहरूलाई प्राथमिकीकरण गर्न सकेमात्र सही समयमा सम्बोधन गर्न सकिन्छ । सम्बोधनको माने सम्पादन हो । अझ स्पष्टरूपमा भन्नु पर्दा काम गर्न सकिने हुन्छ ।

प्राकृतिक स्रोत र सम्पदा हुनुले यहाँ गाउँ बस्ती बसेको हो । यसैले तिनको बारेमा खोजीनीति हुनुपर्छ । यहाँ बस्ती हुनुले सामाजिक रहनसहन बनेका छन् । तिनको जानकारी दिनुपर्छ । समाजलाई धर्म, संस्कृति र चाडपर्वले एकतामा ल्याएको छ । त्यसको गहिरो प्रभाव सबैमा परेको हुन्छ । यसले नजिकको अनुभूति दिने गर्छ । बाँच्नका लागि पेसा व्यवसाय गर्नैपर्‍यो । विभिन्न प्रविधि अपनाउनैपर्छ । तिनको खोजी र लेखाजोखा हुनपर्छ । जसका आधारमा उत्पादन हुन्छ । उपभोग गर्ने पनि विभिन्न तौरतरिका छन् । विशेष पहिरन छन् । तिनको महत्त्व छ । त्यो पनि खोजीको विषय बनाउनुपर्छ ।

आफ्नो गाउँ बस्ती कस्तो ठाउँमा छ र सम्भावित विपद्को व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा पनि सोच्न आवश्यक छ । एवं प्रकारले प्राकृतिक वनस्पति, जडीबुटी र जैविक विविधताको बारेमा जान्न आवश्यक छ । आफ्नो गाउँठाउँको बारेमा यस्ता कुरा जानकारी नभएको व्यक्तिले बाहिर कसरी समृद्ध परिचय दिन सक्छ र ? यसैले आवश्यकताको पहिचान गर्न र प्राथमिकता छनोट गर्न सक्नुपर्छ ।

पढाइ र परीक्षाको प्रभाव कस्तो हुन्छ ? पढे लेखेकालाई थाहा हुन्छ । दुवै पालिकामा भएको छलफलमा आफ्नो आवश्यकता, प्राथमिकता र आफ्नो पहिचानका बारेमा कुराकानी भयो । छलफल र अवलोकनबाट के पाइयो भने सबै गाउँ-ठाउँले आफ्नो इतिहासको बोध गराउन चाहेको देखियो । वर्तमानको चाहना प्रस्टचाउन खोजेको अनुभूति भयो । यसले भविष्यको आँकलन गर्न सहज हुन्छ । अहिले पाठ्यक्रमको विषयसूची खोजिरहेका छन्, भोलि त्यसको लेखन भएर पठनपाठन हुँदा स्थानीय गाउँठाउँ जिउँदो जाग्दो हुने छ । यस पाठ्यक्रममा उत्तीर्ण भएका विद्यार्थीले दिने परिचय र भास्य पक्कै नयाँ हुनेवाला छ । अक्षरको ताकत कति हुन्छ ? अक्षरसँग खेल्नेहरूलाई थाहा हुन्छ ।

आफ्नो गाउँबस्तीलाई जिउँदोजाग्दो बनाउन हरेक ज्येष्ठ नागरिकलाई अनुभव बैंकको रूपमा लिएर उनको जीवनी र अनुभव लेख्ने अभियान चलाउन आवश्यक देखिन्छ । यिनै सामग्रीले स्तरीयताको आधारमा भोलि भौगोलिक रूपमा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पहुँच पाउन सक्छ । अहिले विश्व एक गाउँ बनेको बेला प्रभाव विस्तार गर्न सक्ने हो भने सबै ठाउँ केन्द्र बनाउन सम्भव छ । सर्की देउ र फुचा, रोडिकोट, गोठी हुँदै बगेर आउने खोला ठूलो भएकाले तर्न गाह्रो हुँदा गार भनिने कुरालाई जोडेर पहिले सर्कीगार भनिएको कुरा लेख्नेहरूकै कारण सर्केगाड लेख्ने गरिएको छ । संघीयतापछि सर्केगाड गाउँपालिका नामाकरण गर्नुका साथै पालिका केन्द्र पनि यहीँ राखिएको छ । यो पालिका जिल्लाकै केन्द्र भागमा पर्दछ ।

कैलाश पर्वतमालाको दक्षिणी भाग सर्केगाडको सल्लीसल्लासम्म फैलिएको छ । कर्णाली नदी पनि यहीँसम्म दक्षिण पूर्व भएर बग्दछ । सल्लीसल्लाको माथि जैर गाउँले कैलाशको जरोको रूपमा परिचय दिन खोजेको छ । मेथाले तीर्थस्थलको रूप खोजी रहेछ । दशरा मेलाले रामायणकालीन इतिहास खोज भनिरहेको छ । तुम्चको देवलले मल्ल राजाहरूको कला संस्कृतिको डोब देखाइरहेको छ । रिपले लाखापानी, मालिका तीर्थ र तामा तथा क्वार्जको खानी देखाइरहेको छ । उनापानीले तातोपानी खोला, गुसाल्या बस्ती र सात सर्की उत्पन्न भएको कथा सुनाइरहेको छ । रिप र उनापानीले भूस्वको रमाइलोपन बयान गरिरहेका छन् ।

सायाँले कर्णाली थुनेको ठेली, नाइती सल्ली तथा प्रशासकीय केन्द्र हुनुको जानकारी दिइरहेको छ । गोठीले तल्छरी, पोखी पाटन तथा शिक्षाको जग हालेको इतिहास खोज्न लगाइरहेको छ । बराइले यहाँको उत्पादनले पाएको महत्त्व, नाप्ल्या थाप्ल्या र देवाकाँधको महत्त्व दर्शाइरहेको छ । रोडिकोटले रोजेर बसेको कोट, शेराको जिउलो र भीमसेनले हाम फालेको फटकाल्ना चिनाइरहेको छ । सायाँ, गोठी, रोडिकोट र छ्यागीका ठकुरी बस्तीले गौरा पर्वको जानकारी दिइरहेका छन् ।

रादेउले महादेउ, रादेउ, झादेउ, झ्यारानी झ्या गवाला र हिल्साको इतिहास सुनाइरहेको छ । दुधेदह, भीउदूलो, छिन्टचा ढुंगो, न्यारी चौर, हलाजु-डब्टीको हल गोरुको कथा भनिरहेको छ । भोराबाडा उत्तनुको नालीबेली सुनाइरहेको छ । बाइथला, दानीखोला र फुचिलो धनको कथा फुचाले सुनाइरहेको छ । थपाल्या ब्यासी समुदायले नयाँ वर्षको रूपमा मान्ने गरेको भूवो, नयाँ वार्षिक कार्यक्रम सार्वजनिक गर्ने दिनको रूपमा रहेको हरेलो र साउनपुनी पर्वको जानकारी दिइरहेको छ ।

तीनखुट्टे ओदानजस्तै चुलीलाई ओदानचुली भन्ने गरिन्थ्यो । लेख्नेहरूले अदानचुली लेखेका कारण संघीयतापछि अदानचुली गाउँपालिका नामाकरण भएको छ । यहाँ छ वटा वडा रहेका छन् । कल्ख्याले कपिलदेव ऋषिले तपस्या गरेको धनगुफा, भाँड कुक्का र मुन्टचाचौरको महिमा सुनाएको छ । श्रीनगरले यहाँको पोखरी बगेर गल्वा भए पनि राई ढुंगो हुनुले प्रशासकीय केन्द्र भएको र केही पुरातात्त्विक सामग्री पाइने जानकारी दिएको छ । रोकायाबाडाले अधिकांश संघ-संस्थाको केन्द्र र काल्या देउको प्रभाव सुनाएको छ ।

लौठीले जोतिषी कार्य, विगोठीको हिल्सा र महादेवले तातो तेल पिएको कथा सुनाइरहेको छ । बारीगाउँले प्राकृतिक सम्पदाको रूपमा रहेको जल, जमिन, जंगल र जडीबुटीको स्रोत, यस क्षेत्रका धामीहरूले छापविदो लिने कालिका थान, नौमुली झरनाको व्यवहार, खौला लेकमा कंकसुर दानवको क्षतविक्षत् शरीरको जानकारी दिइरहेको छ । पाल्सले जहाँबाट आए पनि पालिन बस्ने ठाउँको परिचय, मुन्या लेकको कहानी, कहीँ नभएको होचो वनस्पति बाउवीर्या रुख र चोख्या पर्वको महिमा सुनाइरहेको छ ।

यस्तै विभिन्न पैकेलाहरूको कथा सुन्न बाँकी छ । सर्केगाडमा देवपुरी हुम्ला र अदानचुलीमा गल्बा दरा लेख्नपर्ने देखियो । खोजबिन गर्ने हो भने नलेखिएका इतिहास पाइने देखियो । के यस बारेमा लेख्न र अनुसन्धान गर्न तयार हुनुहुन्छ ? ‘कपी एण्ड पेस्ट’ गरेर लेख्ने र शोध गर्ने परम्परा अन्त्य गर्न विश्वविद्यालय र शोधकर्ताको ध्यान यतातिर तान्न ढिलो भइरहेको छ । विश्वको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली बनाउँदै गर्दा कर्णालीको गन्तव्य सबैले आ-आफ्नो गाउँपालिका र गाउँ बनाउन लगाउनुपर्छ ।

यो धुवाँ नआउने पर्यटन उद्योगबाट फाइदा लिन सबैले आफ्नो गाउँठाउँको सही, सत्य जानकारी दिन सक्नुपर्छ । त्यसलाई स्थानीय पाठ्यसामग्रीमा समेट्न आवश्यक छ । यसले आधारभूत रूपमा नैतिकता, मानवीयता, भाषा, कला, संस्कृति र कानुनकोसमेत आधारभूत ज्ञान दिन सक्नुपर्छ । कक्षा ८ पढ्दासम्म कम्तीमा १०८ वटा विषय क्षेत्रका बारेमा ज्ञान र सीप पाएको हुनुपर्छ । कक्षा तीनसम्म आमा कक्षा, पाँचसम्म समाज कक्षा र आठसम्म आधार कक्षा बनाउन सके असमान पढाइ समान प्रतिस्पर्धामा उत्रनुपर्ने अवस्थालाई सहज बनाउन सकिन्छ । सबैलाई चेतना भया । *रासस*

*(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुन्)*

## पत्र-मञ्जुषा

# सुर्तीजन्य उद्योगको पक्षपोषण, जनस्वास्थ्यमाथि गम्भीर खेलबाड

धूमपान र मद्यपान स्वास्थ्यका लागि निकै हानिकारक छ । चुरोट, खैनी, सुर्ती, गुट्खा, मदिरालगायतको सेवनले हजारौं मानिस दिनहुँ अस्पताल भइरहेका छन् । दैनिक सयौंको मृत्यु हुने गरेको छ । यी पदार्थको सेवनले मानिसहरू क्यान्सर, कलेजो, मिर्गौला, फोक्सोको रोगी भएका छन् ।

दीर्घकालीन रोगबाट आमजनता थलिएका छन् । तर, सरकारलाई कुनै वास्ता छैन । सरकारले जनताको भन्दा पनि व्यापारीको हितमा काम गरिरहेको छ । आफ्ना जनतालाई रोगी बनाउने वस्तुहरू उत्पादन र बेचबिखनमा प्रतिबन्ध लगाउनुको साटो सरकार धमाधम लाइसेन्स बाँडिरहेको छ ।

यी पदार्थले लाखौंको ज्यान लिइसकेको छ, अझै कतिको लिने हो ? भन्न सकिँदैन । यी पदार्थमा प्रतिबन्ध लगाउनुपर्छ भनेर पटक-पटक माग उठिसकेको छ । तर, सरकार सुनेर पनि नसुनेझैं गर्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यस्ता उद्योगीहरूको पक्षमा देखिएको छ । यस्ता उद्योग बन्द गर्नुको साटो मन्त्रालय मौनता साँधेर बसेको छ ।

कर लिनका लागि सरकारले जनताको बाँच्ने अधिकार खोसेको छ । अर्कोतिर, उसको घरपरिवार पनि सरकारले तहसनहस बनाइदिएको छ । सरकार कतिसम्म ‘ढोंगी’ भन्ने जनता आफैंले मूल्यांकन गरौं । यस्ता उद्योग खोल्न इजाजत दिने सरकार, नखाऊ भन्ने पनि सरकार ।

रोग लागेपछि त बिरामी अस्पताल जान्छन् । त्यहाँबाट पैसा असुल्न पाइयो । उद्योग मन्त्रालय र उद्योग विभाग जनताको ‘ज्यान मार्ने’ पदार्थ उत्पादन गर्नेलाई पनि लाइसेन्स दिन्छ । उद्योग भन्छ । जनताको ज्यान लिने अधिकार मन्त्रालय र विभागलाई कसले दियो ? लाइसेन्स दिनुभन्दा अगाडि सोच्नुपर्दैन ?

आँखा चिम्लेर लाइसेन्स बाँडिएको छ । अहिले अधिकांशले यी पदार्थको सेवन गर्छन् । यसले कतिसम्म रोगी उत्पादन गरिरहेको छ ? सरकारले हेर्न जरुरी छ । शिक्षकले पढाउने बेला भन्छन्, ‘धूमपान र मद्यपान सेवन गर्नु हुँदैन । यो स्वास्थ्यका लागि हानिकारक छ ।’ तर, शिक्षकहरू आफैं खान्छन् ।

विद्यार्थीलाई पढाउँदा एउटा, व्यवहारमा अर्को । डाक्टरहरूको हकमा पनि त्यही हो । सरकारी कर्मचारीहरू कार्यालयमै यस्ता पदार्थको सेवन गर्छन् । सरकारी कार्यालयमा भएका क्यान्टिनहरूमा चुरोट, सुर्ती, खैनी, पराग र मदिराजन्य पदार्थहरू बेच्न क्रम जारी नै छ । कानुन नै छ, ‘सार्वजनिक ठाउँमा धूमपान र मद्यपान गर्न पाइँदैन ।’

सरकारी कर्मचारीले नै यो नियम मिचेका छन् । उनीहरू कार्यालयमा चुरोट तान्छन्, मदिरा सेवन गर्छन् । कसले कारबाही गर्ने ? प्रहरी कार्यालयको दायाँबायाँ भएको पसलहरूमा यी पदार्थ बेच्न राखिएको हुन्छ । घरेलु र ‘सिल प्याक’ मदिरा बेचिन्छ । तर, प्रहरी नदेखेझै गर्छ । अहिले सरकारले प्रतिबन्ध लगाउने, खोल्ने अधिकार स्थानीय पालिकालाई दिएको छ ।

विडम्बना, अधिकांश जनप्रतिनिधिलाई कानुन र आफ्नो निर्वाह गर्नुपर्ने जिम्मेवारीबारे जानकारी छैन । ‘जनप्रतिनिधिकै कार्यकक्षमा मदिरा पार्टी’ लगायतका समाचारहरू कहिलेकाहीँ बाहिर आइरहेको हुन्छ । कतिपय जनप्रतिनिधिलाई राति खाएको रक्सीले बिहानसम्म छोडेको हुँदैन ।

उता, कार्यालयभित्रै धूमपान र सूर्तीजन्य पदार्थ सेवन गरेर बसेका हुन्छन् । कार्यालय समयमा आफूले पालना गर्नुपर्ने नियमहरू समेत सरकारी कर्मचारीले मानेका छैनन् । काठमाडौं उपत्यकाका सडकहरूमा चुरोटका ठुटा र गुट्खाका प्याकेटहरू यत्तिकै भेटिन्छ । गुट्खाको खोलले काठमाडौंका सडक दुर्गन्धित भएको छ ।

जता हेर्‍यो गुट्खाको प्याकेटमात्रै देखिन्छ । सहर कसरी सुन्दर बनाउने ? सहरी विकास मन्त्रालयसग कुनै योजना छैन । सार्वजनिकस्थलमा यस्ता पदार्थ बेच्न प्रतिबन्ध भए पनि कसैले टेरपुच्छर मानेका छैनन् । बाटोमा छ्याप्छ्याप्ती बेच्न राखिएको पाइन्छ । अभिभावकहरूले पनि आफ्ना सन्तानलाई यस्ता पदार्थ लिन पठाउँछन् । स-साना बालबालिकाहरू यस्ता पदार्थ लिन पसल गइरहेको देखिन्छ ।

जुन सरासर गैरकानुनी हो । केही महिनाअघि काठमाडौं महानगरपालिकाले धूमपान र मद्यपानजन्य पदार्थमा रोक लगाउने निर्णय गर्‍यो । त्यस निर्णयबमोजिम नगर प्रहरीले धूमपान र मद्यपानजन्य पदार्थ पसलहरूबाट उठाउन थाल्यो । यता, उद्योगी र व्यवसायीहरू उक्त निर्णयविरुद्ध अदालत गए ।

अदालतले महानगरको निर्णय कार्यान्वयन रोकिदियो । यी पदार्थले एकातिर आमसर्वसाधारणको घर व्यवहार तहसनहस भएको छ अर्कोतिर पैसा पनि सकिएको छ । गृहमन्त्री रवि लामिछानेले केही महिनाअघि दरबारमार्ग र ठमेल क्षेत्र २४सै घण्टा खुलाउने निर्णय गरे । वैशाख १ गतेबाट सो निर्णय कार्यान्वयनमा आयो । अब रातभर जाँड खाए नि भयो, चुरोट ताने नि । व्यापारीहरूको कुरा सुनेर गृहले सो निर्णय गरेको हो । विडम्बना, त्यसले पुऱ्याउने असर सरकारले देखेन । राति सुत्ने समय हो, जाँड खाने र नाँच्ने होइन । गृहले ‘तिमीहरू जति लुट्न सक्छौं, लुट, जनता बिगार, सुरक्षा हामी दिन्छौं’ भनेर छोडिदियो ।

यसले त समाजमा बेथिति फैलिने भयो । सरकारले जति नै सुरक्षा दिए पनि रातको समयमा निर्धक्क हुनसक्ने वातावरण बनिसकेको छैन । अब आउने बजेट भाषणबाट सरकारले चुरोट, खैनी, सुर्ती, पराग, गुट्खा, मदिरा उत्पादन गर्ने उत्पादनको लाइसेन्स खारेज गरिदिनुपर्छ । करभन्दा जनता ठूला हुन् । करको लोभमा जनताको ज्यानमाथि खेलबाड गर्न पाइँदैन । रोग लागेपछि उपचार गर्छौं भन्नु भन्दा पनि रोग लाग्नै नदिँदा राम्रो होला ।

हरेक उद्योगी, व्यापारीले कुनै न कुनै पार्टीको सदस्यता लिएका छन् । राजनीतिक दललाई चन्दा र सरकारी कर्मचारीलाई घूस दिएर उद्योगी, व्यापारीहरू जनता मार्न र तिनका पैसा लुट्न सफल भएका छन् । आफ्नो फाइदाका लागि ‘जनताको ज्यान लिने’ अधिकार कसैसँग पनि छैन । पैसाका लागि सबै उद्योगी, व्यापारीको अगाडि लम्पसार परेका छन् । आफ्नो जिम्मेवारी के हो ? तिनले बिर्सिएका छन् ।

*- अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मननयोग्य

### विदुर नीति

‘धर्मको गति बुझिनसक्नु छ’ ‘र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्ने नै ’धर्म देवता’ हुन्, जसलाई ’यमराज’ पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं । क्रमशः

# भोजपुरका विद्यालयमा 'इ-लर्निङ सेन्टर'

**टक्सार (भोजपुर)-** सूचना प्रविधिमा अभ्यस्त बनाउँदै विद्यार्थीलाई पठनपाठन गराउने उद्देश्यले भोजपुरका विद्यालय तथा क्याम्पसमा 'इ-लर्निङ सेन्टर स्थापना' अभियान सञ्चालन भइरहेको छ। पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला नेतृत्वको ईश्वर मन्दिर काठमाडौं नामक संस्थाको सहयोगमा जिल्लामा इ-लर्निङ सेन्टर स्थापना भइरहेका हुन्।

अभियानको क्रममा आइतबार जिल्लाको टेम्केमैयुङ गाउँपालिका-२ छिनामखुमा रहेको त्रिभुवन धर्मोदय माध्यमिक विद्यालयमा इ-लर्निङ सेन्टर स्थापना गरिएको छ। वि.सं. २००५ मा स्थापना गरिएको विद्यालयमा सञ्चालन गरिएको सेन्टरमा २० थान कम्प्युटर सेट र स्मार्ट टिभीलगायतका विद्युतीय सामानको व्यवस्था गरिएको सहयोगी संस्थाका अध्यक्ष प्रमेश केसीले बताए।

विद्यार्थीलाई सूचना प्रविधिसँग अभ्यस्त गर्दै सिकाइलाई प्रभावकारी बनाउने उद्देश्यले आफ्नो संस्थाले विद्यालयमा इ-लर्निङ सेन्टर स्थापना गर्दै आएको उनले बताए। उनले भने, 'सूचना प्रविधिको वर्तमान युगमा विगतमा जस्तो अध्ययनले मात्र हुँदैन, विद्यार्थीलाई प्रविधिसँग जोड्न जरूरी छ। त्यसैले ग्रामीण क्षेत्रका विद्यालयमा पनि इ-लर्निङ सेन्टर स्थापनामा सहयोग गरिरहेका छौं। यसले पठनपाठनमा सहज हुने विश्वास लिएका छौं।'

छिनामखुमा रहेको त्रिभुवन धर्मोदय माध्यमिक विद्यालयमा मात्रै होइन सो संस्थाले भोजपुर नगरपालिकामा रहेका भोजपुर बहुमुखी क्याम्पस, विद्योदय मावि, जनसेवा आधरभूत विद्यालय, सरस्वती आधारभूत विद्यालय, आदर्श शिशु आधारभूत विद्यालय, हतुवागढी गाउँपालिकामा रहेको सगरमाथा मावि, षडानन्द नगरपालिकामा रहेको अरुण मावि, अरुण गाउँपालिकाको शारदा माविमासमेत सो संस्थाले कम्प्युटरलगायतका सामग्री सहयोग गरी इ-लर्निङ सेन्टर स्थापनामा योगदान गरिसकेको छ।

संस्थाका महासचिव संकेत कोइरालाले पनि प्रविधिसहितका पुस्तकालय स्थापनाले पठनपाठनमा सहज भएको प्रतिक्रिया आफूहरूले पाएको बताए। 'आधुनिक प्रविधिको युगमा विद्यार्थीको हातमा कलम र कपी मात्र होइन, अहिलेका कम्प्युटर पनि हुन जरूरी छ, त्यसैले हामी त्यही अभियानअन्तर्गत अहिले भोजपुरका विद्यालयमा सहयोग गरिरहेका छौं। यसलाई अन्य ठाउँमा पनि विस्तार गर्दै लैजाने हाम्रो लक्ष्य छ,' उनले भने।

त्रिभुवन धर्मोदय माध्यामिक विद्यालयका प्रधानाध्यापक राजन राईले 'विद्यार्थी साथमा, कम्प्युटर हातमा' भन्ने अभियानले विद्यालयको शैक्षिक सुधारमा निकै सहयोग पुगेको बताए। टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले पनि विद्यालयमा स्थापना गरिएका इ-लर्निङ सेन्टरले शैक्षिक गुणस्तर सुधारका साथै विद्यार्थीलाई अध्ययनमा अभिप्रेरित गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे।

संस्थाका सल्लाकार पूर्वअर्थमन्त्री कोइरालाले आगामी दिनमा पनि विद्यालयलाई प्रविधिमैत्री बनाउन भोजपुरका अन्य विद्यालयमा पनि सहयोग अभियान सञ्चालन गरिने बताए। 'अब विद्यालयमा प्रविधिमैत्री इ-लर्निङ सेन्टर स्थापना हुनुपर्छ, त्यसका लागि हामीले सहयोग अभियान सुरू गरेका हौं,' कोइरालाले भने। *रासस*

# नगर चक्रपथ निर्माण अगाडि बढ्यो

**कञ्चनपुर (प्रस)-** शुक्लाफाँटा नगरपालिकामा नगर चक्रपथ सडक निर्माण अगाडि बढाइएको छ। नगरपालिकाका १२ वटै वडा जोड्ने गरी चक्रपथ निर्माण गरिन लागेको हो।

नगरपालिकाको पाँच करोड रूपैयाँ र संघीय सरकारको पाँच करोड रूपैयाँ गरी १० करोड रूपैयाँको लागत साझेदारीमा चक्रपथ सडक निर्माण हुन लागेको नगरपालिकाको पूर्वाधार विकास तथा व्यवस्थापन शाखाप्रमुख दीपक धामीले बताए। सडक निर्माणका लागि बोलपत्र आह्वान (ई-बिड)को कार्य गरिएको छ।

तीन वर्षभित्र सडक निर्माण गर्नका लागि ठेक्का सम्झौता गरिएको उनले बताए। चक्रपथ सडकको कूल लम्बाइ ११.७ किलोमिटरमध्ये छ किलोमिटर सडक पहिलो चरणमा निर्माण हुने उनले बताए। चक्रपथ सडक निर्माणका लागि संघीय सरकारबाट एक करोड रूपैयाँ अनुदान रकम प्राप्त भएको उनले बताए।

पहिलो चरणमा नगरपालिका-१२ कालागौडी चौराहादेखि वडा नं १ को खजुवापट्टि हुँदै वडा नं २ को रानीपुर, वडा नं ३ को जोनापुर, पिपलाडीसम्मको सडक निर्माणको कार्य हुने छ। 'सडक सुरक्षाका लागि सडक जोगाउन आवश्यक भएका क्षेत्रमा तीन करोड रूपैयाँको लागतमा तटबन्ध निर्माण कार्य हुन्छ,' शाखा प्रमुख धामीले भने, 'सोह्रभन्दा बढी ठाउँमा ह्युमपाइप र कल्भर्ट निर्माण कार्य हुन्छ।'

उनका अनुसार १२ मिटर चौडाइको सडकमा सात मिटर चौडाइमा कालोपत्रको कार्य गरिने छ। 'ओपन ग्रेडेड प्रिमिक्स कार्पेट' प्रविधिअनुसार सडकमा २० एमएम मोटाइको कालोपत्रको कार्य गरिने धामीको भनाइ छ। सडक गुणस्तरयुक्त बनाउनका लागि नियमित अनुगमन, निर्माण सामग्रीको गुणस्तरबारे जाँचको कार्य हुने उनले बताए। चक्रपथ निर्माण गरी नगरपालिकाले १२ वटै वडालाई जोड्ने लक्ष्य लिएको छ। यसअघि नै चक्रपथ निर्माणका लागि नगरपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : १९९५/०२/१२

स्वर्गारोहण : २०८१/०१/२४

### स्व. डम्वर कुमारी उपाध्याय

नेपाल विज्ञापन संघ(आन)का पुर्व उपाध्यक्ष तथा त्रिकोण एडभरटाइजिङ्ग सर्भिसका प्रवन्ध निर्देशक श्री राजेन्द्रप्रसाद अर्यालज्यूकी ममतामयी माताको यहि मिति २०८१ साल बैशाख २४ गते सोमवारका दिन ८५ वर्षको उमेरमा देहान्त भएको दुःखद् घडीमा मिडिया एलायन्स नेपाल तथा समस्त सञ्चार उद्यमीको तर्फबाट स्वर्गिय आत्माको चिर शान्तीको लागि भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछौ।

**भाष्कर राज राजकर्णिकार, अध्यक्ष** तथा
मिडिया एलायन्स नेपाल परिवार

MEDIA ALLIANCE NEPAL

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०१/२८

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

### तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **१. श्याम आर्टस एण्ड डेकोरेसन**<br>प्रा.फ.द.नं. : ५९/६०७३/०७१<br>ठेगाना : साविक तमसरिया ७, हाल मध्यविन्दु ७, नवलपरासी<br>**कर्जा शीर्षक** : **डिमाण्ड कर्जा** | **१. घनश्याम पौडेल**<br>(ना.प्र.नं. १०७२५, मिति २०४४/०३/२६ मा जि.प्र.का. नवलपरासीवाट जारी भएको)<br>बाबु : गंगा प्रसाद पौडेल<br>बाजे : जगन्नाथ पौडेल | **२. मिना पौडेल**<br>(ना.प्र. नं. ८२९९, मिति : २०४७/१२/१५ मा जि.प्र.का. नवलपरासीवाट जारी भएको)<br>पति : घनश्याम पौडेल<br>ससुरा : गंगा प्रसाद पौडेल |
| | **३. संकेत पौडेल**<br>(ना.प्र. नं. ३६२०७५/७३, मिति २०७२/०७/३० मा जि.प्र.का. नवलपरासीवाट जारी भएको)<br>बाबु : घनश्याम पौडेल<br>बाजे : गंगा प्रसाद पौडेल | **धितोको विवरण**<br>घनश्याम पौडेलको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला तम्सरिया गा.वि.स./न.पा. वडा नं. ७(च) स्थित कि. नं. ८६ (७५.६० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **२. एम.टि. राईस मिल**<br>प्रा.फ.नं. : २०/१५४९/०६८/०६९<br>ठेगाना : कालिका ०४, कन्चनपुर<br>**कर्जा शीर्षक** : **विविध कर्जा** | **१. जित बहादुर तामाङ**<br>(ना.प्र.नं. ७५ ३७, मिति २०४२/१२/७ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : टासी तामाङ<br>बाजे : जोङतिङ तमाङ्ग | **२. मदन तामाङ**<br>(ना.प्र.नं. ७५ २००२/६५९, मिति २०६७/०१/३० मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : जित बहादुर तामाङ<br>बाजे : टासी तामाङ |
| | **२. सिरमाया तामाङ**<br>(ना.प्र.नं. २३५५/१५७५, मिति २०४६/०२/२१ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : जित बहादुर तामाङ<br>ससुरा : टासी तामाङ | |
| **धितोको विवरण** | | |
| जित बहादुर तामाङको नाममा कञ्चनपुर जिल्ला मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ९० (१३३२०.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **३. संजय कुमार शाह हलुवाई**<br>(ना.प्र.नं. २४, मिति २०४६/०१/०८ मा जि.प्र.का. सिरहाबाट जारी भएको)<br>ठेगाना : मिर्चैया न.पा. ०७, सिराहा<br>बाबु : पुलकित शाह हलुवाई<br>बाजे : बलदेब शाह<br>**कर्जा शीर्षक** : **विविध कर्जा** | **१. पुलकित शाह हलुवाई**<br>(ना.प्र.नं. ७२७२०४७०, मिति २०३६/०८/१७ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>बाबु : बलदेब शाह<br>बाजे : नेवा शाह | **२. सुनीता कुमारी साह**<br>(ना.प्र.नं. ८८२९/६३, मिति २०६३/०४/२९ मा जि.प्र.का. सिराहाबाट जारी भएको)<br>पति : संजय कुमार शाह हलुवाई<br>ससुरा : पुलकित शाह हलुवाई |
| | **३. सरस्वती प्रसाद भट्टराई**<br>(ना.प्र.नं. २३१११६१४४, मिति २०४८/१२/१८ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : गंगा बहादुर भट्टराई<br>बाजे : भक्त ध्वज भट्टराई | **४. शुरेश जंग कार्की**<br>(ना.प्र.नं. २३११२३९११, मिति २०४६/०१/२८ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : झपड ध्वज कार्की<br>बाजे : तिलक ध्वज कार्की |
| **धितोको विवरण** | | |
| संजय कुमार शाह हलुवाईको नाममा झापा जिल्ला मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. १०९४ (१६६०.०० व.मि.), कि.नं. १०९८ (५३३.१९ व.मि, कि.नं. १०९९ (३०४७.६७ व.मि.) र कि.नं. ११२९ (५५५.००) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **४. गिता गौतम**<br>(ना.प्र.नं. १२५०७/१४५०७, मिति २०४८/०५/२० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>ठेगाना : विराटनगर म.न.पा. ०४, मोरङ<br>पति : मोहन बुढाथोकी<br>ससुरा : सम्मर बहादुर बुढाथोकी<br>**कर्जा शीर्षक** : **धितो कर्जा** | **१. मोहन बुढाथोकी**<br>(ना.प्र.नं. ५/४६३७६, मिति २०४८/११/०९ मा जि.प्र.का. संखुवासभाबाट जारी भएको)<br>बाबु : सम्मर बहादुर बुढाथोकी<br>बाजे : चन्द्र बहादुर बुढाथोकी | **२. बसन्त बुढाथोकी**<br>(ना.प्र.नं. ०५-०१-७४-०३८२२, मिति २०७४/०४/०९ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको)<br>बाबु : मोहन बुढाथोकी<br>बाजे : सम्मर बहादुर बुढाथोकी |
| **धितोको विवरण** | | |
| गिता गौतम बुढाथोकीको नाममा मोरङ्ग जिल्ला मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कन्चनवारी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. २९५३ (०-०-१७-१ विगाहा), कि.नं. २९५१ (०-०-२-० विगाहा) र कि.नं. २६७३ (०-१-०-२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणीको विवरण |
|---|---|---|
| **५. लक्ष्मी सार्की**<br>(ना.प्र.नं. ८७२१५ , मिति २०६३/०५/०६ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>ठेगाना : पोखरा म.न.पा. ३३, कास्की<br>पति : राजु सार्की<br>ससुरा : बुधे सार्की<br>**कर्जा शीर्षक** : **धितो कर्जा** | **राजु सार्की**<br>(ना.प्र.नं. ७३३६१, मिति २०६०/०८/०२ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : बुधे सार्की<br>बाजे : नाम प्राप्त नभएको | लक्ष्मी सार्कीको नाममा कास्की जिल्ला मालपोत कार्यालय लेखनाथ, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, भोटेपोखरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. १८०६ (०-८-३-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | |
|---|---|---|
| **६. भट्टराई गाई फर्म**<br>प्र.फ.नं.घ.उ.वि : १२४६३/०७३/०७४<br>ठेगाना : लेखनाथ १६, कास्की<br>**कर्जा शीर्षक** :<br>**आवधिक र लघु आवधिक कर्जा** | **१. वाटुली भट्टराई**<br>(ना.प्र.नं. १२४, मिति २०४६/०३/३१ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>पति : कृष्ण प्रसाद भट्टराई<br>ससुरा : गणपति भट्टराई | **२. विष्णु प्रसाद भट्टराई**<br>(ना.प्र.नं. १३५१४३, मिति २०६०/०१/०७ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : कृष्ण प्रसाद भट्टराई<br>बाजे : गणपति भट्टराई |
| | **३. कृष्ण प्रसाद भट्टराई**<br>(ना.प्र.नं. १२५, मिति २०४६/०२/३१ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : गणपति भट्टराई<br>बाजे : गौरीकान्त भट्टराई | **३. मिना भट्टराई**<br>(ना.प्र.नं. ४६-०१-६९-०६३९०, मिति २०६९/१२/१२ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>पति : विष्णु प्रसाद भट्टराई<br>ससुरा : कृष्ण प्रसाद भट्टराई |
| **धितोको विवरण** | | |
| वाटुली भट्टराईको नाममा कास्की जिल्ला मालपोत कार्यालय लेखनाथ, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, भोटेपोखरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ११२५(१-१२-२-१ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | | |

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **७. पूजा कृषि तथा पशुपालन फर्म**<br>प्रा.फ.नं. : ३१३९/०७७/०७८<br>ठेगाना : जलजला ०२, पर्वत<br>**कर्जा शीर्षक** : **विविध कर्जा** | **१. लिला कुमारी बरुवाल क्षेत्री**<br>(ना.प्र.नं. १४१४८ मिति २०४५/११/२६ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>पति : भिम बहादुर बरुवाल क्षेत्री<br>ससुरा : अम्बर बहादुर बरुवाल | **२. हीरा बरुवाल**<br>(ना.प्र.नं. ५१९९३, मिति २०६२/०९/२८ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>पति : रेशम बहादुर बरुवाल<br>ससुरा : भिम बहादुर बरुवाल क्षेत्री | **३. रेशम बहादुर बरुवाल**<br>(ना.प्र.नं. ५७९, मिति २०४९/०७/२७ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>बाबु : भिम बहादुर बरुवाल क्षेत्री<br>बाजे : अम्बर बहादुर बरुवाल |
| **ऋणीको विवरण** | | | |
| लिला कुमारी वरुवाल क्षेत्री को नाममा पर्वत जिल्ला मालपोत कार्यालय पर्वतमा दर्ता कायम रहेको पर्वत जिल्ला, माझफाट गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ७५३(२-५-३-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | | | |

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
रूपशाला

### जेठ १९ मा गोपीकृष्ण राष्ट्रिय पुरस्कार बाँडिने

गोपीकृष्ण चलचित्र घर अहिले पूर्ण रूपमा बन्द छ। हल बन्द भए पनि गोपीकृष्णले हरेक वर्ष वितरण गर्दै आएको 'गोपीकृष्ण राष्ट्रिय चलचित्र पुरस्कार' भने बाँडिने भएको छ। गोपीकृष्ण कामख्या मिडिया कम्पनी प्रालीले एक विज्ञप्ति जारी गर्दै नयाँ संस्करणको पुरस्कार आउँदो जेठ १९ गते काठमाडौँमा बाँडिने जानकारी दिएको हो। विज्ञप्तिमा उल्लेख भएअनुसार २३ प्रतिस्पर्धात्मक विधा र दीर्घ साधना सम्मान र चलचित्र पत्रकारिता पुरस्कारसहित २५ विधामा कार्यक्रममा पुरस्कृत र सम्मान बाँडिनेछ।




शुक्रबार २८, वैशाख २०८१ (Friday, May 10, 2024)

# 'मिस एण्ड मिस्टर आइडल' आयोजना हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौँ–** विद्यालयमा अध्ययनरत स-साना बालबालिकाहरूको कला र प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले 'मिस एण्ड मिस्टर सिनियर एण्ड जुनियर आइडल-२०२४' हुने भएको छ।

आयोजक संस्था स्पार्कल इन्टरटेनमेन्टले शनिबार राजधानीमा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो। प्रतियोगिता जुनियर र सिनियर गरी दुई भाग विभाजन गरिएको छ। आयोजकका अनुसार 'मिस एण्ड मिस्टर सिनियर एण्ड जुनियर आइडल'मा ६ देखि १२ वर्षसम्म जुनियर र सिनियरतर्फ १३ देखि १६ वर्षसम्मका बालबालिकाले सहभागी जनाउन पाउनेछन्।

प्रतियोगिताको यो पहिलो संस्करण हो। यस संस्करणमा जुनियर र सिनियर गरी ५० जना प्रतियोगी अन्तिम प्रतिस्र्धाका लागि छनोट गरिने आयोजकले जनाएको छ।

आयोजक संस्थाकी अध्यक्ष नीतु श्रेष्ठले ५० जना प्रतियोगी अन्तिम प्रतिस्पर्धाका लागि छनोट बताएकी हुन्। उनले भनिन्, '४० जना छनोट भइसकेका छन्। अब १० जना प्रतियोगी छनोट गरिने छ।'

अन्तिम प्रतिस्पर्धाका लागि छनोट हुने प्रतियोगीहरूलाई व्यक्तित्वविकास लगायतका विभिन्न ग्रुमिङ कक्षा दिइने छ। जेठ ४ गतेदेखि प्रतियोगीहरूलाई प्रशिक्षण दिइने कार्यक्रम संयोजक अमृता राईले जानकारी दिइन्। यस प्रतियोगिताको कोरियोग्राफी मोडल दिक्पाल कार्कीको गर्दैछन्।

प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा (ग्राण्ड फिनाले) जेठ २६ गते जमलस्थित राष्ट्रिय नाचघरमा हुने आयोजकले जनाएको छ। प्रतियोगितामा शीर्ष दुई विजेताले उपाधिसहित नगद पुरस्कार तथा विभिन्न गिफ्ट ह्याम्पर पाउनेछन्।

## 'रावायण'मा जोडियो यती एयरलाइन्स

**काठमाडौँ (प्रस)–** फिल्म 'रावायण' को छायांकन नसकिदै विभिन्न ब्रान्ड फिल्मसँग जोडिन सुरु भएको छ। फिल्मको स्टार कास्ट र निर्देशक सुदर्शन थापाको ड्रीम प्रोजेक्ट भएको कारण पनि धेरै ब्रान्ड फिल्मसँग जोडिन चाहिरहेका छन्। यही क्रममा यती एयरलाइन्स एयरलाइन्स पार्टनरका रूपमा फिल्ममा जोडिएको छ। यति एयरलाइन्सका प्रतिनिधिसँग निर्माता तथा नायिका पूजा शर्माले सहकार्यको सम्झौता गरेका छन्।

हाल छायांकनरत फिल्ममा पूजा शर्मा, पल शाह, प्रमोद अग्रहरी, प्रियंका कार्की, निकिता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाललगायतका कलाकारको अभिनय छ। फिल्ममा शिवम् अधिकारीको लेखन, सौरभ लामाको छायांकन, समीर मियाँको भीएफएक्स, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व छ।

फिल्मको संगीतको सम्पूर्ण काम मुम्बईमा गरिएको हो। फिल्म वितरण काठमाडौं उपत्यकामा रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले गर्नेछ। फिल्मको डिजिटल पार्टनर ओएसआर डिजीटल हो।

सुदर्शन थापा प्रोडक्शन र पूजा शर्मा प्रोडक्शनको संयुक्त व्यानरमा बन्ने फिल्मका निर्माता सुदर्शन थापा र पूजा शर्मा हुन्। फिल्म यसै वर्षको भदौ २१ गते तिजको दिन रिलिज हुँदै छ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TILAL TECHNICAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०१/२६ LT. No. 304417 चलानी नं. ६०२१९२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 10 | 0 | 2500 | ८९,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AUCKLAND LADIES BEAUTY SALON & HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति २०८०/०८/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ LT. No. 295587 चलानी नं. ६०२१०६६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 4 | 140 | ६५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 100 | ४३,४६५ | | | | | | | |
| 3 | Hairdresser | 0 | 2 | 150 | ६५,१९५ | | | | | | | |
| 4 | Pedicure & Manicare | 0 | 8 | 150 | ६५,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

NBR Namo Buddha Recruitment Pvt. Ltd.
Govt. License 1370/74/75
Namo Buddha Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com


रंगशाला

# पोखरा स्पोर्ट्स अवार्डको तयारी पूरा



■ प्रभाव संवाददाता

**कास्की–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा पोखरामा हुने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०८० को सम्पूर्ण तयारी पूरा भएको छ। मञ्चले पत्रकार सम्मेलन आयोजना गरी शुक्रबार अपराह्न पोखरा सभागृहमा हुने अवार्ड समारोहको आवश्यक सम्पूर्ण तयारीका काम सकिएको जनाएको हो। गत एक वर्षको अवधिमा खेलकुद क्षेत्रमा गरेको योगदानका आधारमा खेलाडी तथा खेल सङ्घ संस्था लगायतलाई अवार्ड प्रदान गर्नेछ।

मञ्चले वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेलकुद संस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकार गरी सात विधामा अवार्ड प्रदान गरिने मञ्चका दीननाथ बरालले जानकारी दिए।

बरालका अनुससार वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चार वटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भइसकेको छ।

वर्ष खेलाडी पुरुष विधामा क्रिकेटका अर्जुन कुमाल, टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा परेका छन्। वर्ष खेलाडी महिला विधामा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन्। वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले इलेक्ट्रिक स्कुटर र ट्रफी पुरस्कार पाउनेछन्।

यसैगरी १७ वर्ष मुनिका खेलाडीबीच प्रतिस्पर्धा हुने उदियमान खेलाडी विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, व्याडमिन्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की मनोनयनमा परेका छन्।

उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका नीरज थापा, भलिबलका रमेश केसी र क्रिकेटका रिजन प्रजु छन्। वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद रु ३५ हजारको साथमा ट्रफी पाउने छन्। यसैगरी 'लाइफटाइम अचिभमेन्ट अवार्ड' एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्ललाई प्रदान गरिने छ। उनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ। वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड सहारा क्लब पोखरालाई प्रदान गरिने मञ्चका महासचिव राजाराम पौडेलले बताए।

यसैगरी वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्ड रोहितराज पराजुलीलाई अर्पण गरिनेछ। वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद रु ३५ हजारको साथमा अवार्ड पाउने छन्। यसैगरी ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अर्न्तराष्ट्रिय वरियता प्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष (स्पेशल) अवार्डबाट सम्मान गर्ने निर्णय गरिएको महासचिव पौडेलले बताए।

प्रवेश नि:शुल्क रहने अवार्ड कार्यक्रममा चर्चित गायक प्रकाश सपुत, सन्तोष बस्याल, निर्मल दाहाल, नृत्यतर्फ तरेली साँस्कृतिक परिवारको लाठी नाच, कौरा र झ्याउरे नृत्य तथा बि बोइङ गण्डकीको प्रस्तुती रहने मञ्चले जनाएको छ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग तथा प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको छ। पोखरा महानगरपालिकाको समन्वयमा हुने कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्ले सघाउनेछन्। प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको छ। खेलकुद विधामा विशेष गरी कलम चलाउँदै आएका ७४ पत्रकार हाल मञ्चमा आबद्ध रहेका छन्।

# सरकारबाट पलेशाले १३ लाख पाउने

■ प्रभाव संवाददाता



**काठमाडौँ–** चौथो एशियाली पारा खेलकुदमा कांस्य जितेकी तेक्वान्दो खेलाडी पलेशा गोवर्धनले नेपाल सरकारबाट १३ लाख रूपैयाँ प्राप्त गर्ने भएकी छन्।

युवा तथा खेलकुद मन्त्रालयले पेस गरेको प्रस्तावलाई मन्त्रीपरिषद्ले बिहीबार अनुमोदन गरेसँगै उनले उक्त रकम प्राप्त गर्ने भएकी हुन्। उनले गत कार्तिकमा चीनको होन्झाउ भएको चौथो पारा एशियाली खेलकुदमा नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाएकी थिइन्। नेपालले पारा एशियाली खेलकुदमा पदक जितेको यो नै पहिलो पटक थियो।

पलेशाले महिला ५७ केजी मुनि के ४४ मा कांस्य जितेकी हुन्। उनले क्वार्टरफाइनलमा चीनकी याङ लिटिङलाई १४-१ ले पराजित गरेकी थिइन्। सेमिफाइनलमा भने पलेशा काजाकिस्तानकी डोसमालोभा कामिलियासँग १६-१० ले पराजित भएकी थिइन्। उनीबाहेक मुख्य प्रशिक्षक कविराज नेगी लामाले २ लाख ६० हजार रूपैयाँ प्राप्त गर्ने भएका छन्। टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठले १ लाख ३० हजार रूपैयाँ प्राप्त गर्नेछन्।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म : १९९७/०१/०२

स्वर्गारोहण : २०८१/०१/२६

### स्व. रञ्जन राज आचार्य

नेपाल विज्ञापन संघ (आन) का बर्तमान कार्य समिति सदस्य तथा प्रिज्मा एडभरटाइजिङ्गका प्रमुख कार्यकारी अधिकृत श्री रन्जित राज आचार्यज्यूको बुबा रञ्जन राज आचार्यको यहि मिति २०८१ साल बैशाख २६ गते बुधवार बिहान ८४ वर्षको उमेरमा देहान्त भएको दु:खद् घडीमा मिडिया एलायन्स नेपाल तथा समस्त सञ्चार उद्यमीको तर्फबाट स्वर्गिय आत्माको चिर शान्तिको लागि भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछौं।

**भाष्कर राज राजकर्णिकार, अध्यक्ष** तथा
मिडिया एलायन्स नेपाल परिवार

MEDIA ALLIANCE NEPAL

# पुटिनद्वारा विजय दिवसमा सम्बोधन

# आणविक शक्तिहरू 'सधैं सतर्क' रहेको भनाइ



**मस्को-** रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो आणविक शक्तिहरू सधैं 'सतर्क' रहेको भन्दै पश्चिमबाट आउने कुनै पनि धम्कीलाई सहन नसक्ने चेतावनी दिएका छन् । बिहीबार रेड स्क्वायरमा आयोजित विजय दिवस परेडमा सम्बोधन गर्दै उनले युक्रेनमा लडिरहेका आफ्नो सेनाको प्रशंसा गरे । उनले 'पश्चिमी सम्भ्रान्तहरू'लाई विश्वभर द्वन्द्व फैलाएको आरोप लगाए ।

'रुसले विश्वव्यापी द्वन्द्व रोक्न सबै कुरा गर्ने छ तर यही समयमा हामीलाई धम्की दिन कसैलाई पनि अनुमति दिने छैनौं, हाम्रा रणनीतिक शक्तिहरू सधैं सतर्क छन्,' औपचारिक पोसाकमा सजिएका हजारौं सैनिकसामु पुटिनले भने, 'प्रिय साथीहरू, रुस अहिले कठिन र निर्णायक अवधिबाट गुज्रिरहेको छ, मातृभूमिको भाग्य, यसको भविष्य हामी प्रत्येकमा निर्भर गर्दछ ।'

मे ९ को परेड दोस्रो विश्वयुद्धमा सोभियत संघमा नाजी जर्मनीको हारको प्रतीक हो र पुटिनले मुलुकलाई युद्धस्तरमा बलियोसँग अगाडि बढाइरहेकाले यो दिन सबैभन्दा महत्त्वपूर्ण सार्वजनिक बिदा भएको छ । रुसी राष्ट्रपतिले बारम्बार युक्रेनविरुद्धको हालको लडाइँलाई 'नाजीवाद' विरुद्ध अस्तित्वको लडाइँका रूपमा प्रस्तुत गरेका छन् । उनले आफ्नो आणविक अभिव्यक्तिलाई पनि बढाएका छन् । यसै साताको सुरुमा उनले रुसी सेनालाई युक्रेन नजिकै रहेको नौसेना र सैनिकहरू सम्मिलित आणविक हतियार अभ्यास गर्न आदेश दिए ।

गत वर्ष रुसले व्यापक आणविक परीक्षण प्रतिबन्ध सन्धिको अनुमोदनलाई त्याग्यो र संयुक्त राज्य अमेरिकासँगको प्रमुख हतियार कटौती सम्झौताबाट बाहिरियो । रेड स्क्वायरमा आयोजना गरिने विजय दिवस परेडमा उन्नत मिसाइल र वायु रक्षा प्रणालीसहित रुसी सैन्य उपकरणहरूको स्तम्भका साथै हजारौं सैनिक सहभागी हुन्छन् । रुसले प्रायः 'मैत्रीपूर्ण' ठानेका मुलुकका प्रतिनिधिहरूलाई यो कार्यक्रममा आमन्त्रित गर्दछ । यद्यपि, पश्चिमासँगको गतिरोधका बीच सन् २०२२ को प्रारम्भमा युक्रेनमा सेना पठाउनुअघि नै प्रतिनिधिहरूको उपस्थिति कम भएको थियो ।

रुसी राज्य मिडियाले क्रेमलिनका एक सहयोगीलाई उद्धृत गर्दै बिहीबारको परेडमा आठ विश्व नेता सहभागी हुन लागेको यसै साता बताएको थियो । तिनीहरूमा पाँच पूर्वसोभियत मुलुक बेलारुस, कजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान र तुर्कमेनिस्तानका साथै क्युबा, लाओस र गिनी-बिसाउका नेताहरू हुन् ।

पुटिनको विजय दिवसको सम्बोधन उनको सेनाले युक्रेनमा प्रगति हासिल गरेको र आफ्नो अभूतपूर्व पाँचौं कार्यकालको शपथ लिनेबित्तिकै आएको छ । एकहत्तर वर्षीय क्रेमलिन प्रमुखले यस शताब्दीको प्रारम्भदेखि नै रुसमा शासन गरेका छन् । उनले मार्चमा सबै विपक्षीहरूविना राष्ट्रपति निर्वाचन जितेपछि छ वर्षका लागि नयाँ जनादेश प्राप्त गरेका छन् । *रासस/एएफपी*

# बिरामी बिदा हडतालपछि एयर इन्डियाका ७४ बजेट उडान रद्द



**मुम्बई-** अन्तिम समयमा चालक दलका दर्जनौं सदस्यले बिरामी भएको भन्दै सञ्चालनमा गम्भीर अवरोध गरेको एक दिनपछि एयर इन्डियाको बजेटवाहक सहायक कम्पनीले बिहीबार ७४ वटा उडानहरू रद्द गरेको छ ।

भारी ऋणग्रस्त वाहकलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय समूह टाटा समूहले एयरलाइन्सलाई अधिग्रहण गरेको थियो । मिडिया रिपोर्टले अचानक सामूहिक बिरामी बिदालाई यसको नयाँ स्वामित्वले लगाएको भर्ती र पदोन्नतिको नयाँ नीतिहरूमा कर्मचारीहरूको असन्तुष्टिसँग जोडेको छ । 'हाम्रा पाहुनाहरूलाई असुविधा कम गर्न हरसम्भव प्रयास गरिएको छ तर बिहीबार ७४ वटा उडान रद्द गर्न बाध्य भएका छौं,' एयर इन्डिया एक्सप्रेसले विज्ञप्तिमा भनेको छ ।

कर्मचारी अभावका कारण मंगलबारदेखि ९० भन्दा बढी उडान 'अवरुद्ध' भएको एयरलाइन्सले बुधबारको विज्ञप्तिमा जनाएको थियो । प्रमुख कार्यकारी आलोक सिंहले आगामी दिनमा एयरलाइन्सले आफ्नो उडान तालिका घटाउन बाध्य भएको बताए ।

'हिजो साँझदेखि हाम्रा १०० भन्दा बढी चालक दलका सदस्यहरूले आफ्नो निर्धारित ड्युटीअघि अन्तिम समयमा बिरामी भएको सूचना दिए, यसबाट हाम्रो परिचालन गम्भीररूपमा अवरुद्ध भए,' उनले भने, 'यो कार्यले निश्चितरूपमा ड्युटीको आग्रहलाई प्रतिक्रिया दिन जारी राख्ने कम्पनीका दुई हजार चालक दलका सदस्यहरूको प्रतिनिधित्व गर्दैन ।'

मिडिया रिपोर्टहरूमा बजेटवाहकले कम्तीमा २० कर्मचारीलाई बर्खास्त गरेको जनाइएको छ । एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले बिहीबार एयरलाइन्सले थप विवरण उल्लेख नगरी केही व्यक्तिविरुद्ध उचित कदम चालेको जानकारी दिए । 'हामीले केही व्यक्तिविरुद्ध उचित कदम चालेका छौं किनकि उनीहरूको कार्यबाट हाम्रा पाहुनाहरूलाई गम्भीर असुविधा भएको छ,' उनले भने । *रासस/एएफपी*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०१/२८ गते)

त्रैलोक्य मंगल जोशीको नाती, गजराज मंगल जोशीको छोरा, सिद्धि लक्ष्मी श्रेष्ठको पति ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ०९ बस्ने श्री हरिहर मंगल जोशीको मिति २०७७/०६/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. १२९००७३३७६२००००२ र कुपोण्डोल शाखामा रहेको बचत खाता नं.२१७०२३९७४५५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोराले यस बैंक को शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय लालदरबारमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय लालदरबार फोन नं. ०१-५३३३०४५



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL GUARD SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 293704 | चलानी नं ६०२०९२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८
MAHAD MANPOWER PVT. LTD.
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASMAA SAUD SAAD AL RASHIDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 303244 | चलानी नं. ६०२१८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAFÉ QAHWA SIOUF FOR BEVERAGES.

पूर्व स्वीकृति मिति: २०८०/११/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 301311 | चलानी नं. ६०२१६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 6 | 0 | 1200 | ४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAS MANPOWER COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 303614 | चलानी नं. ६०२१८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 50 | 0 | 1800 | ६३,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NOURA SALEH NASSER AL-FRAIH ESTABLISHMENT FOR SERVING BEVERAGES

पूर्व स्वीकृति मिति २०८१/०१/२६ | LT. No. 304444 | चलानी नं. ६०२१९२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ४ गते (17th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल वैशाख महिना २८ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लाबारीबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकका शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

### तपशिल

**ऋणीको विवरण**

नाम : **एस.टी. ज्वेलरी**
प्रोप्राइटर : सरश्वती श्रेष्ठ
प्रा.फा.र.नं. : २६८९३
दर्ता मिति : २०७१/०९/२०
स्थायी लेखा नं. : ६०२८७५३६१
दर्ता गर्ने कार्यालय : बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग, बाणिज्य कार्यालय, विराटनगर
ठेगाना : मोरङ्ग जिल्ला राजघाट गा.वि.स. वडा नं. ३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| १. नाम : **सरश्वती श्रेष्ठ** | २. नाम : **तिल प्रसाद श्रेष्ठ** |
|---|---|
| बाबुको नाम : रुद्र बहादुर श्रेष्ठ<br>पतिको नाम : तिल प्रसाद श्रेष्ठ<br>ससुराको नाम : दल बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ६<br>हालको ठेगाना : मोरङ जिल्ला उर्लाबरी न.पा. वडा नं. ८<br>ना.प्र.नं. : ३१४९<br>जारी मिति र जिल्ला : २०६३/०९/२४, धनकुटा | बाबुको नाम : दल बहादुर श्रेष्ठ<br>बाजेको नाम : हर्क मान श्रेष्ठ<br>स्थायी ठेगाना : मोरङ जिल्ला राजघाट गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : मोरङ जिल्ला उर्लाबरी न.पा. वडा नं. ८<br>ना.प्र.नं. : ३२२<br>जारी मिति र जिल्ला : २०५६/०५/१४, मोरङ |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१. मिति २०८०/०५/०७ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।
२. मिति २०८०/०६/२५ गतेको अभियान दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | सट नं. | क्षेत्रफल (विघा) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|---|
| तिल प्रसाद श्रेष्ठ | मोरङ्ग जिल्ला राजघाट गा.वि.स. वडा नं. ७ | ७ ख | २३१७ | ०-८-११-० | कि.नं. २११३ | कि.नं. २३१७ | कि.नं. ४०७ | बाटो |
| | | ७ घ | २३१ | ०-२-०-० | बाटो | कि.नं. २३३ | कि.नं. १६ | कि.नं. १६३ |
| | | | १७४ | ०-०-६-० | कि.नं. १८८ | कि.नं. १०२ | कि.नं. ४९ | बाटो |
| सरश्वती श्रेष्ठ | मोरङ्ग जिल्ला राजघाट गा.वि.स. वडा नं. ७ | ७ ख | १७०३ | ०-०-१-३ | कि.नं. १७०४ | कि.नं. १७०२ | कि.नं. १६९३ | बाटो |
| | | | १६९३ | ०-०-३-१ | कि.नं. १६९४ | कि.नं. १६९२ | कि.नं. १६७६ | कि.नं. १७०३ |
| | | | १६७६ | ०-०-३-२ | कि.नं. १६७७ | कि.नं. १६७५ | कि.नं. ९७१८ | कि.नं. १६९३ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८१/०२/०३ गते बिहीबार भित्र यस बैकको शाखा कार्यालय उर्लाबारी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०२/०४ गते शुक्रबार अर्थात ८ औ दिन दिउसो १:०० बजे भित्र यस बैकको शाखा कार्यालय उर्लाबारीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np
Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## OMAN मा रोजगारको सुवर्ण अवसर

COMPANY : TAWOOS INDUSTRIAL SERVICES COMPANY SAOC, OMAN

पूर्व स्वीकृती मिति : २०८०/१०/११ | पुन बिज्ञापन मिति २०८१/०१/२८ | LT No.: 298779 | च.नं. : ६०२१३७५४

| सि.नं. | कामदारको पद | माग-संख्या पुरुष | माग-संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Building | 2 | 0 | 100 | ३४,७३४ | कम्पनीको नियमानुसार | ८-घण्टा | ६-दिन | कम्पनीको नियमानुसार | छ | छ | २-वर्ष |
| 2 | Dish Washer | 1 | 0 | 120 | ४१,६८१ | | | | | | | |
| 3 | Waiter | 3 | 0 | 140 | ४८,६२७ | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिजा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्यानकारी कोषसम्बन्धि व्यवस्था रु. १५००/- कामदार आफैंले सेवा नि: शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्यरुपमा लिनु होला । (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ (एक) प्रति आफुसँग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

कन्टिनेन्टल मर्कन्टाईल प्रा.लि.
रानीबारी-०३, सामाखुशी, काठमाण्डौं, नेपाल
Lic: 587/62/63
फोन : 01-4987171, 01-4986792



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३५६०० | प्रति तोला - १३४९५० | प्रति तोला - १६५० |



**ग्राहकको पर्खाइ** | भक्तपुर जिल्ला बालकोट क्षेत्रमा गाडामा राखेर कुखुरा बेच्न तयार गर्दै महिला व्यापारी । एउटा कुखुराको ४०० रुपैयाँसम्ममा बिक्री हुने गरिन्छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# 'रूपान्तरणकारी बजेट ल्याउने तयारीमा छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटले कठोर नीति ल्याउनेभन्दा पनि सुधारात्मक र रूपान्तरणकारी योजना तथा कार्यक्रम ल्याउने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आयोजना गरेको पूर्व-बजेट छलफलका क्रममा अर्थमन्त्री पुनले अर्थतन्त्रमा अहिले देखिएको शिथिलता हटाउन सरकारले निजी क्षेत्रको खस्केको मनोबल उकास्ने र केही क्षेत्रमा सुधारात्मक तथा रूपान्तरणकारी नीति अवलम्बन गर्ने बताएका हुन् ।

'अर्थतन्त्र शिथिल छ, तर हामी सुधारोन्मुख छौं र सुधार हुनेमा आशावादी छौं । निजी क्षेत्रको मनोबल बढाउने कुरालाई प्राथमिकता दिन्छौं । निजी क्षेत्रको मनोबल उकास्न सरकारका तर्फबाट सहजीकरण हुन्छ', उनले भने, 'सुधारका लागि केही कठोर भएर हस्तक्षेपकारी नीति अवलम्बन गरिनुपर्छ भनेर सुझाव आएका छन् । तर हामी अतिमा जाँदैनौं । केही क्षेत्रमा सुधार गरेर मात्र हुँदैन रूपान्तरण नै गर्नुपर्ने हुन्छ ।' सरकार निजी क्षेत्रको लगानी, व्यवसाय र सम्पत्तिको सुरक्षा गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो । सरकारका नीतिबीच एकरूपता र सामञ्जस्यता कायम गरिने दाबी पनि उनले गरे ।

'वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता हुने कुरामा सरकार प्रतिबद्ध छ । नीति तथा कार्यक्रम एकातिर, बजेट अर्कैतिर र मौद्रिक नीति अर्कै ढङ्गले आउने भन्ने हुँदैन । बजेटबाटै मौद्रिक नीतिका व्यवस्था ल्याइएका उदाहरण पनि छन् । सरकारका निकायबीच फरकफरक सोच राखेर हुँदैन', अर्थमन्त्री पुनले भने ।

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजार माग र आपूर्ति दुवै घटेका कारण समग्र अर्थतन्त्र समस्यामा परेको बताए । सरकारले अध्यादेशमार्फत छोटो समयमा




कानुन परिवर्तन गरेर लगानी वातावरण बनेको सन्देश दिएको उनले दाबी गरे ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले अहिले उत्पादन र निर्माण क्षेत्रमा नकारात्मक वृद्धिदर दर देखिएकामा राष्ट्रिय पुँजी निर्माणमा समस्या हुने बताए । बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकेर कालोसूचीमा पर्ने व्यवसायीको संख्या बढिरहेको उनको भनाइ छ । कोभिडपछि सरकारले लिएका संकुचित वित्त र मौद्रिक नीतिका कारणले अर्थतन्त्रमा शिथिलता आएको पनि उनले बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले अहिले समग्र मागमा संकुचन आएका कारण निजी क्षेत्र लगानी बढाउनेभन्दा पनि भएको लगानी कसरी बचाउने भन्नेतर्फ केन्द्रित हुन थालेका बताए ।

'हामी कुनकुन नीतिका कारण यो अवस्थामा आएका हौं भन्ने समीक्षा गरिनुपर्छ । निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गरिनुपर्छ । निजी क्षेत्रमा कर्जा धेरै गएको र त्यसको दुरूपयोग भएको भन्ने भाष्य सही होइन । हाम्रा सङ्कुचित नीतिका कारण पुँजी निर्माण घटिरहेको छ', अग्रवालले भने । नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले अहिले बैंकिङ क्षेत्र ऐतिहासिकरूपमा अप्ठ्यारो अवस्थामा रहेको बताए । 'बैंकिङ क्षेत्रसँग रु पाँच खर्ब लगानीयोग्य रकम थुप्रिएको छ । निजी क्षेत्रको मनोबल नबढेसम्म कर्जा लगानी पनि बढ्दैन । अब साना तथा मझौला उद्योगलाई सहुलियत दिनेभन्दा पनि वित्तीय पहुँच बढाइनुपर्छ', केसीले भने ।

डिलिटल कर्जासम्बन्धी व्यवस्था लागू गर्न पूर्वाधार तयार पारिनुपर्ने, उधारो उठाउने कानुन प्रभावकारी बन्नुपर्ने, कर्जा बढाउन पूर्वाधारमा लगानी बढाउनुपर्ने, विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश गराउनुपर्ने, सूचना प्रविधि र स्टार्टअपमा लगानी गर्नका लागि च्यालेन्ज फण्ड र ब्लेन्डेन फाइनान्सलगायतका सुविधा कार्यान्वयन गरिनुपर्नेलगायत सुझाव उनले दिए ।

बैंकको खराब कर्जा बढेको र लागतको प्रतिफल घटेको, सबैभन्दा बढी खराब कर्जा निर्माण क्षेत्रमा देखिएको, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको आवश्यकता रहेको, बैंक तथा वित्तीय संस्थामा काउन्टर साइक्लिकल बफर केही समय लगाउन नहुने तथा वित्तीय संस्थामा विदेशी पुँजी भित्र्याउनुपर्ने, हेजिङसम्बन्धी व्यवस्था प्रभावकारी कार्यान्वयन गरिनुपर्ने, हरित वित्तलाई प्रवर्द्धन गर्नुपर्नेलगायत सुझाव उनले दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) अध्यक्ष गणेश कार्कीले जलविद्युत् क्षेत्रमा भ्याट फिर्ता दिने भनेर अघिल्ला आर्थिक वर्षका बजेटमा भ्याट छुट गर्ने भनेकामा त्यसलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्ने बताए ।

'जलविद्युत् क्षेत्रमा रु ६१ खर्ब लगानी चाहिन्छ भन्ने अनुमान गरिएको छ । तर लगानी बढ्न सकेको छैन । जलविद्युत् क्षेत्रमा बीमाको ठूलो समस्या पर्दैछ । आयोजनाले बीमा नवीकरण गर्न छोडे', उनले भने । विद्युत् प्रसारणलाइन र विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश दिइनुपर्ने सुझाव उनले दिए । बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) का अध्यक्ष उपेन्द्र पौडेलले संकुचित नभई विस्तारित बजेट ल्याउनुपर्ने आवश्यकता औंल्याए ।

काठमाडौं विश्वविद्यालयका रजिस्टार एवं अर्थविद् अच्युत वाग्लेले अर्थतन्त्रको समस्याबारे सबैलाई थाहा भए पनि त्यसको समाधान कसरी गर्ने भनेर काम गर्न नसकेको बताए ।

# पारदर्शिता र सुशासन एकअर्काका पूरक : राष्ट्रपति

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले पारदर्शिता र सुशासन एकअर्काका पूरक भएको बताएका छन् । उनले न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहेका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार रहेको बताए ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् सङ्घ (एक्यान) द्वारा आयोजित राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति पौडेलले भने, 'मुलुकभर सक्रिय लेखापरीक्षककै कारण भएका स्पष्ट हिसाबलाई हामीले आर्थिक सुरक्षाको एउटा पाटोका रूपमा लिन सकेका छौं, हरबखत चनाखो रहेर हिसाब मिलान गर्नु गराउनु नै लेखापरीक्षकको उच्चतम धर्म हो, आफ्नो कर्ममा धर्म नबिर्सनु नै न्याय हो, तसर्थ, न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहनुभएका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार हुनुहुन्छ ।'

लेखापरीक्षकको सक्रियताका कारण मुलुकमा हुने आर्थिक क्रियाकलापमा पारदर्शिता कायम गर्न योगदान पुगेको विश्वास व्यक्त गर्दै राष्ट्रपति पौडेलले सम्बन्धित निकायलाई पारदर्शी र जवाफदेही बनाउन चार्टर्ड एकाउन्टेन्टका विषयमा ज्ञान भएका दक्ष व्यक्तिको आवश्यकता र भूमिका महत्वपूर्ण हुन्छ भने ।

'कुनै देशले सहयोग गर्दा हेर्ने भनेको त्यो देशको खर्च र हिसाब प्रणालीको पारदर्शिता हो, देशको आर्थिक विकास र राजस्व परिचालनमा विश्वसनीय वातावरणको अभिवृद्धि यसैबाट हुन्छ, विकास निर्माणका ठूलो खर्चमा प्रयोग हुन सक्ने फर्जी बिल र राजस्व छलीको नियन्त्रण लेखापरीक्षणबाटै सम्भव हुन सक्दछ', राष्ट्रपति पौडेलले भने ।

सम्मेलनमा एक्यानले डा सन्दुक रुइत, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सम्मान गरेको छ ।

# एमसिए–नेपालद्वारा सबस्टेसन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर

■ प्रभाव संवाददाता

**काठमाडौं–** एमसिए-नेपालले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्लामा चार सय केभी नयाँ बुटवल सबस्टेसन निर्माणसम्बन्धी ठेक्का लिङ्कसन इण्डिया प्रालिलाई प्रदान गर्दै उक्त कम्पनीसँग सोसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ । उक्त सबस्टेसनको निर्माण सम्झौता अवधि ३९ महिनाभित्र सम्पन्न गरिने जनाइएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापश्चिम)मा आज आयोजित हस्ताक्षर समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपालका लागि संयुक्त राज्य अमेरिकी राजदूत डिनआर थम्पसन, स्थानीय अधिकारीहरू तथा निर्वाचित जनप्रतिनिधिको उपस्थिति थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अमेरिकी राजदूत थम्पसनले भने, 'नेपालको ऊर्जासम्बन्धी आवश्यकता सम्बोधनका लागि कम्प्याक्ट उपयोगी रहेको सुनिश्चित गर्ने सन्दर्भमा अमेरिकी सरकार, नेपाल सरकारसँग सहकार्य गर्न प्रतिबद्ध छ । घरेलु उपभोग, विस्तारित व्यापारिक एवं औद्योगिक संस्थाहरू तथा सीमापार विद्युतीय व्यापारका लागि भरपर्दो एवं धान्न सकिने विद्युत् उपलब्ध गराइरहेको नेपालको विद्युत् प्रसारण क्षमतामा यस चार सय केभी नयाँ बुटवल सबस्टेसनले सुधार ल्याउनेछ ।'

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भने, 'यो चार सय केभी सबस्टेसन प्राधिकरणको प्राथमिकतामा रहेको संरचना हो र यसले यस क्षेत्रमा सीमापार ऊर्जा व्यापार उल्लेख्य रूपमा उकास्नका लागि विद्यमान दुई सय २० केभी सबस्टेसनलाई सघाउनेछ ।'

कार्यक्रममा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा भइरहेका समष्टिगत प्रगतिमाथि प्रकाश पारे । उनले भने, ' एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाअन्तर्गत प्रसारण लाइन र सबस्टेसनहरूको निर्माणसम्बन्धी सम्पूर्ण कार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ । बाँकी दुईवटा सबस्टेसनको निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नका लागि हामी खरिद प्रक्रियाको अन्तिम चरणमा छौं ।'

एमसिए-नेपालले नेपाल सरकारको लगानी तथा अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट आर्थिक अनुदान प्राप्त विद्युत् प्रसारण आयोजनाअन्तर्गत यस सबस्टेसनका अतिरिक्त नुवाकोट जिल्लाको रातमाटेमा र तनहुँ जिल्लाको दमौलीमा पनि एक-एकवटा सबस्टेसन निर्माण गर्दैछ । ती सबस्टेसनका लागि निर्माण कम्पनीको छनोट हुँदै छ ।

अर्थ मन्त्रालयका सचिव अध्यक्ष रहेको एमसिए-नेपालको सञ्चालक समितिको २०८० साल फागुनमा बसेको बैठकले भारतसँगको सम्झौतामा उल्लेख गरिएअनुरूप सीमापार ऊर्जा व्यापारलाई समयमै अगाडि बढाउनका लागि सहजीकरण गर्न नयाँ बुटवल-गोरखापुर विद्युत् प्रसारण लाइनको नेपाली क्षेत्रमा पर्ने १८ किमी अंशको निर्माणलाई अगाडि बढाउने निर्णय गरेको थियो ।

# बजेट अभावमा ५७४ योजना अलपत्र

**काँक्रेविहार–** चालु आर्थिक वर्षमा बजेट ५७४ वटा टुक्रे योजना अलपत्र परेका छन् । बजेट थप गरेर कार्यान्वयन गर्ने भनिए पनि बजेट थप नहुँदा ती योजना अलपत्र परेका हुन् ।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भने, 'पूर्वसहमतिअनुसार टुक्रे योजना कार्यान्वयन नगर्ने भन्ने भएकाले स्वतः कार्यान्वयन नहुने भइहाल्यो । आर्थिक वर्षको अन्तिममा आएर कसरी सम्भव होला ?' गत पुस २९ गतेको मन्त्रिपरिषद् बैठकले प्रमुख प्रतिपक्ष दलसँग गरिएको सहमतिअनुसार बजेट थप गरेर ती योजना कार्यान्वयन गर्ने निर्णय भएको थियो ।

चालु आव सकिन दुई महिनामात्र बाँकी रहेको अवस्थामा ती योजना के गर्ने भन्नेमा टुङ्गो नलाग्दा कार्यान्वयन नभएरै खेर जाने सम्भावना बढेको आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले जानकारी दिए ।

उनका अनुसार विसं २०७९ असारमा तत्कालीन प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)सँग सरकारले प्रदेश सरकारबाट रु १५ लाखभन्दा कम बजेट विनियोजन भएका योजना कार्यान्वयन नगर्ने राजनीतिक सहमति गरेको थियो ।

'भौतिक पूर्वाधारतर्फ सडक र भवन निर्माण योजनाको हकमा रु ३० लाखभन्दा कम रकम विनियोजन भएका योजना कार्यान्वयन नगर्ने सहमति भयो । सुरुमा ती योजनाका विषयमा कुनै ठोस कदम चालिएको थिएन', मन्त्री केसीले भने, 'पछि आलोचना बढ्न थालेपछि सदनमा सहमति भएअनुरूप रु १५ लाख मुनिकालाई रु १५ लाख र सडक, भवनतर्फका रु ३० लाख मुनिकालाई रु ३० लाख रकम पुर्याएर कार्यान्वयन गर्ने निर्णय गरे पनि हाल ती योजना कार्यान्वयन हुनसकेका छैनन् ।'

उनका अनुसार जलस्रोत तथा ऊर्जा मन्त्रालयसँग रु १५ लाखमुनिका चार सय ८२ आयोजना छन् । अहिले सबै आयोजनामा रु १० लाखमात्रै रकम छ । मन्त्रालयका अनुसार सिँचाइतर्फ दुई सय ११, खानेपानीतर्फ एक सय ६२ र नदी नियन्त्रणतर्फ एक सय नौवटा योजना छन् । ती सबै योजनालाई रु १५ लाख रकम पुऱ्याई कार्यान्वयनमा लैजान थप रु २४ करोड १० लाख बजेट आवश्यक पर्दछ ।

मन्त्रालयसँग सोअनुसारको बजेट नभएकाले कार्यान्वयनमा समस्या भइरहेको योजना महाशाखाका प्रमुख गोपाल शर्माले जानकारी दिए । उनका अनुसार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा मात्रै उक्त प्रकृतिका रु १६ करोड बराबरका करिब ९२ वटा योजना छन् ।

गत चैत २७ गते मुख्यमन्त्रीमा नियुक्त भएका एमाले संसदीय दलका नेता कँडेलले सबैको चासोका विषय बनेका ती योजनाको विषयमा कुनै निर्णय नभए पनि पूर्वसहमतिअनुसार हुने बताएपछि योजना कार्यान्वयनमा नजाने पक्का भएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री रणसिंह परियारले जानकारी दिए । मुख्यमन्त्रीले टुक्रे योजना तत्काल कार्यान्वयन नगर्ने निर्देशन दिएपछि ती योजना अलपत्र परेका उनले बताए ।

चालु आव सकिन लागेकाले ती योजना अब कार्यान्वयन हुने सम्भावना न्यून रहेको मन्त्री परियारले बताए । भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले रकम अभावका कारण तत्काल ती योजना कार्यान्वयन गर्न नसकिने बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ